जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ३ • २०८१ साल जेठ ९ गते बुधबार (22 May, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### तानाशाह बन्दै सरकार, झुठा मुद्दामा सिरोहियाको गिरफ्तारी

# लोकतान्त्रिक पक्षधरहरु विरोधमा

## जनकपुरधाममा प्रदर्शन हुने

**टुडे समाचारदाता**

जनकपुरधाम। राज्यशक्तिको चरमदुरुपयोग गरी पक्राउ गरिएको कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई सडक मार्गहुँदै जनकपुरधाम ल्याइँदैछ।

उच्च प्रहरी स्रोतका अनुसार सिरोहियालाई मध्यरातिसम्म जनकपुरधाम ल्याइनेछ। सिरोहियालाई राति जिल्ला प्रहरी कार्यालय धनुषामा राखिनेछ। थप अनुसन्धानका लागि म्याद थप गर्न उनलाई बुधवार बिहान जिल्ला अदालत धनुषामा उपस्थित गराइने स्रोतले जनाएका छन्।

सहकारी संस्थाहरुको करोडौ रुपैयाँ अपचलन गरेको आरोप लाग्दै आएको उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले व्यक्तिगत प्रतिशोध साध्दै नेपाली सञ्चार क्षेत्रको अग्रणी संस्था कान्तिपुरका अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गराएको भन्दै चौतर्फी आलोचना भइरहेकोछ।

जिल्ला प्रहरी कार्यालय धनुषाले मंगलवार नै जिल्ला अदालत धनुषाबाट सिरोहियाविरुद्ध पक्राउ पूर्जी लिएको थियो।

सिरोहियालाई कान्तिपुर मिडिया हाउसको मुख्यालयस्थित आफ्नै कार्यकक्षबाट मंगलवार साँझ गिरफ्तार गरिएको छ।

गृहमन्त्री लामिछानेको दोहोरो नागरिकता र पासपोर्ट तथा उनको संलग्नतामा देशका कयौं सहकारीको करोडौ रुपैयाँ अपचलन गरेको समाचार कान्तिपुरले निरन्तर प्रकाशन प्रसारण गर्दै आएको छ।

दुईवटा राहदानी र दुईवटा नागरिकता सम्बन्धी मुद्दा लागेको लामिछानेविरुद्ध हालसम्म पक्राउ पूर्जी जारी भएको छैन्। सहकारीको ९५ करोड भन्दा बढी अपचलनमा संलग्न देखिएका लामिछानेमाथि मुद्दासमेत सरकारले चलाएको छैन्।

सिरोहियाले मङ्गलवार कान्तिपुर मिडिया ग्रुपको अध्यक्षको नाममा जारी गरेको विज्ञप्तिमा 'समाचार लेखेको भरमा मिडिया हाउसका अध्यक्षमाथि व्यक्तिगत प्रतिशोध लिएर प्रहरी प्रशासनको शक्ति र जिम्मेवारी दुरुपयोग' गरिएको आरोप लगाएका छन्।

पछिल्लो समय कान्तिपुर दैनिकले उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको समेत नाम जोडिएको भन्दै सहकारी ठगीसम्बन्धी विषयमा श्रृङ्खलाबद्ध समाचार छाप्दै आएको छ।

'सहकारीका ७१ लाख सदस्य तथा बचतकर्ताको भनाइ सुरक्षित गर्न यसमा ठगी गर्नेहरूमाथि अनुसन्धान र कारबाही हुनुपर्ने आवाज उठाउनु कुनै पनि सञ्चारमाध्यमको जिम्मेवारी हो 'सिरोहियाले अगाडि भनेका छन् , 'तर कान्तिपुरले प्रकाशित गर्दै आएको समाचारबाट अत्तालिएको कोही कसैले 'स्टन्टबाजी' गरेर प्रभावित पार्न खोज्छ भने त्यो स्वैरकल्पना मात्र हुने छ।'

उनीविरुद्ध प्रायोजित उजुरी दायर भएपछि वैशाख १७ मा सामाजिक सञ्जाल 'एक्स'मा आफूले २०३४ सालमा नागरिकता लिएको र त्यसको प्रतिलिपि २०५७ सालमा लिएको उनले सार्वजनिक गरिसकेका हुन्। त्यसमा २०३३/३४



को प्रतिलिपिअनुसार भनेर स्पष्ट उल्लेख छ। नम्बर पनि उही छ, मैले अरू नागरिकता लिएको छैन।

'२०३४ मा मैले नागरिकता लिएपछि २०३६ मा अरू कसैका नाममा त्यही नम्बर लेखिएको छ भने मेरो जिम्मेवारीको विषय होइन।' उनले प्रष्ट गरिसकेका छन्।

सय वर्ष भन्दा बढी समयदेखि सिरोहिया परिवार जनकपुरधाममा बसोबास र व्यवसाय गर्दै आएका छन् । कैलाश सिरोहियाका पिता स्व.घासीराम सिरोहिया २००९ सालमा स्थापित जनकपुर उद्योग वाणिज्य संघका संस्थापक महासचिव थिए।

नेपाल पत्रकार महासंघले कान्तिपुर पब्लिकेशन्स लिमिटेडका अध्यक्ष कैलाश सिरोहियालाई कान्तिपुर दैनिकको कार्यकक्षबाटै पक्राउ गरिएको घटनालाई गम्भीरतापूर्वक लिएको जनाएको छ।

नेपाल पत्रकार महासंघका महासचिव रोशन पुरीले मंगलबार विज्ञप्ति जारी गर्दै आफूमाथि लागेको आरोपका सन्दर्भमा न्यायिक छानबिनमा सघाउने प्रतिबद्धता जनाएका सिरोहियालाई पक्राउ गरिएको घटना प्रतिशोधपूर्ण रहेको पुष्टि भएको जनाएका छन्। यता, मधेश पत्रकार महासंघका अध्यक्ष वृजकुमार यादवले विज्ञप्ति जारी गरी घटनाप्रति ध्यानाकर्षण भएको जनाएका छन्। उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ-'सिङ्गो पत्रकारिता क्षेत्रलाई आतंकित तुल्याउने कार्य भएको छ। मुलुकमा राजतन्त्र समाप्त भए पनि त्यसको अंश कोही कोहीमा हेर्न सकिने प्रवृति अनुसारनै सिरोहियाको गिरफ्तारी भएको छ, त्यो सञ्चार जगतकोलागि दुःखद र निन्दनीय घटना हो।'

बिभिन्न राजनीतिकदलका नेताहरु , सञ्चार सम्बद्ध संघसंस्थाहरुले सिरोहियालाई पक्राउ गरेकोमा कडा बिरोध जनाएका छन्।

पूर्व प्रधानमन्त्री डा.बाबुराम भट्टराईले सामाजिक सञ्जाल एक्समा राज्यले कान्तिपुर मिडिया ग्रुपका अध्यक्ष कैलाश सिरोहियालाई गिरफ्तार गरी तत्कालीन राजा 'ज्ञानेन्द्रपथ' अनुसरण गरेको उल्लेख गरेका छन्।

पूर्व उपप्रधान एवं गृहमन्त्री रहेका कांग्रेस नेता विमलेन्द्र निधिले कैलाश सिरोहियाको गिरफ्तारी प्रतिशोधको नांगो कर्तुत भएको बताउँदै भर्त्सना गरेका छन्। 'जनकपुरमा उनको र मेरो घर सडकको वारिपारि हो, उनको मातापिता र पुरै परिवारलाई म राम्ररी चिन्दछु। संचार क्षेत्रमा उनको योगदान अद्वितीय छ,' निधिले सामाजिक सञ्जालमा लेखेका छन्, 'तत्काल उनको रिहाई होस्।'

लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का वरिष्ठ उपाध्यक्ष जीतेन्द्र सोनालले कान्तिपुर पब्लिकेशन्स् लिमिटेडका अध्यक्ष कैलाश सिरोहियालाई अनुसन्धानका नाममा पक्राउ गर्नुस्वतन्त्र प्रेसमाथि प्रहार भएको बताएका छन्।

जनमत पार्टीका अध्यक्ष सीके राउतले कान्तिपुर पब्लिकेशन्स् लिमिटेडका अध्यक्ष कैलाश सिरोहियालाई पक्राउ गर्नु प्रतिशोधपूर्ण भएको बताएका छन्।

उनले सामाजिक सञ्जाल एक्समा धारणा राख्दै गृहमन्त्री रवि लामिछानेले सिरोहियालाई पक्राउ गर्नु अस्वीकार्य कदम भएको उल्लेख गरेका छन् । 'कसैलाई पनि भन्नु पर्छ र ? कान्तिपुरका अध्यक्ष कैलाश सिरोहियाविरुद्ध पक्राउ पूर्जी जारी गर्नु र कार्यालय प्रहरीद्वारा घेर्नु प्रतिशोधपूर्ण छ भनेर ?' 'यो लोकतन्त्रको लागि सर्वथा अस्वीकार्य कदम हो' उनले अगाडि लेखेका छन् ,रविजी, तपाईँसँग हाम्रो पनि आशा र औचित्य जोडिएको छ, कुनै कदम चाल्नु अगाडि नबिर्सिदिनुस्।'

यता उनको गिरफ्तारीको विरोधमा जनकपुरधाममा नागरिक समाजका अगुवाहरुले विरोध प्रदर्शन गर्ने भएका छन्। सिरोहिया जनकपुरधामका पुराना बासिन्दा रहेको उनी संग गृहमन्त्रीले प्रतिशोध साध्न पक्राउ गराएको आरोप लगाउँदै बुधबार विहान ९ बजे जनक चोकमा विरोध प्रदर्शन गर्ने जनाएको छ।

# अनुसन्धान नै पूर्वाग्रही

**टुडे समाचारदाता**

जनकपुरधाम । जिल्ला प्रशासन कार्यालय धनुषाबाट २०३४ सालमा कैलाश सिरोहियाले निकालेको नागरिकता नम्बर ३९६९८८८६ रहेकोछ। त्यसको पहिलो प्रतिलिपि २०५७ सालमा निकालिएको थियो।

जुन नागरिकता नम्बर सिरोहियाको छ, त्यही नम्बरको नागरिकता धनुषा जिल्ला प्रशासन कार्यालयबाटै शिवजी साहु तेलीका नाममा पनि जारी भएको देखिन्छ । शिवजी साहले सिरोहियाको भन्दा २ वर्ष पछि २०३६ सालमा वंशजको नाताले नागरिकता लिएका छन्।

सिरोहियाले नागरिकता लिएको २ वर्ष पछि नागरिकता लिने साहको नम्बर कसरी एउटै भयो ?त्यसको अनुसन्धान जिल्ला प्रशासन कार्यालयले गर्ने हो।

नागरिकता नम्बर व्यक्तिको चाहना अनुसार दिने प्रावधान छैन्। तर साहलाई कसरी सोही नम्बरको नागरिकता उपलब्ध गराइए, त्यसबारे अनुसन्धान हुनुपर्ने माग उठेको छ।




# विश्वासको मतमाथि अदालतको प्रश्न

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले सोमवार लिएको विश्वासको मतमाथि सर्वोच्च अदालतले प्रश्न उठाएको छ । न्यायाधीश अब्दुल अजिज मुसलमानको एकल इजलासले प्रधानमन्त्री प्रचण्डले लिएको विश्वासको मतमाथि प्रश्न उठाउँदै लिखित जवाफ माग गरेको छ।

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले दायर गरेको रिटमा मंगलावर सुनुवाइ गर्दै सर्वोच्चले लिखित जवाफ माग गर्ने आदेश गरेको छ।

जसपा नेपाल विभाजन गरी नयाँ दल गठन गरेका अशोक राईलगायत ७ सांसदले वैधानिकता नपाएको भन्दै उनीहरूलाई विश्वासको मत लिने प्रक्रियामा सहभागी गराउन रोक्न माग गर्दै अध्यक्ष यादवले रिट दायर गरेका थिए।


प्रधानमन्त्रीले विश्वासको मत लिनुअघि रोक्न अन्तरिम आदेशको माग गरिएको थियो । तर सोमबार सुनुवाइ गर्न नभ्याएपछि मंगलबारका लागि पेशी तोकिएको थियो।

**सर्वोच्चको फैसलालाई छल्न प्रधानमन्त्री प्रचण्डले सोमबार नै विश्वासको मत लिए ।**

यादवले यसअघि सर्वोच्च अदालतबाट दल विभाजनका विषयमा रिट दायर गरेको र उक्त रिटमा अन्तरिम आदेश जारी भएको भन्दै उनीहरूलाई सहभागी गराउनु असवैधानिक हुने दाबी गरेका थिए । सर्वोच्चको फैसलालाई छल्न प्रधानमन्त्री प्रचण्डले सोमबार नै विश्वासको मत लिए।

सर्वोच्चमा मंगलवार भएको बहसमा अध्यक्ष यादव तर्फका कानुन व्यवसायीहरुले प्रधानमन्त्रीले असंवैधानिक रूपमा विश्वासको मत लिएको भन्दै उक्त विश्वासको मत नै त्रुटिपूर्ण भएको जिकिर गरेका छन्।

सर्वोच्चले हालका लागि अन्तरिम आदेश जारी गरेको छैन भने जसपा नामका संघीय संसदका सदस्यहरू संघीय संसदमा सहभागी हुन नपाउने भनी अन्तरिम आदेशको माग समेत जिकिर गरिएको भन्दै जेठ १४ गते पेशी तोकेर सुनुवाइ गर्न आदेशमा भनिएको छ। सर्वोच्चले उक्त दिन यसअघि दर्ता भएको दल विभाजनको रिटलाई समेत पेस गर्नु भनी सुनुवाइको मिति इजलासबाटै तोकिएको छ।



# जलवायु परिवर्तनका क्षेत्रमा बेलायतले नेपाललाई सघाउने

काठमाण्डु । संयुक्त अधिराज्यका प्रधानमन्त्री ऋषि सुनकले जलवायु परिवर्तनका क्षेत्रमा नेपाललाई सघाउने बताउनुभएको छ ।

नेपाल र संयुक्त अधिराज्यबीच मैत्रीसन्धिमा हस्ताक्षर भएको एक सय वर्ष पूरा भएको अवसरमा प्रधानमन्त्री सुनकको कार्यालयमा सोमबार आयोजित विशेष समारोहमा उहाँले उक्त कुरा बताउनुभएको लण्डनस्थित नेपाली राजदूतावासले जनाएको छ ।



त्यस अवसरमा प्रधानमन्त्री सुनकले आगामी दिनमा बेलायत र नेपालबीच व्यापार, लगानीलगायत आर्थिक सम्बन्ध तथा जलवायु परिवर्तनका क्षेत्रमा सहकार्य अभिवृद्धि गर्ने बताउनुभयो । उहाँले बेलायत र नेपालबीचको ऐतिहासिक सम्बन्धका विभिन्न आयामका बारेमा चर्चा गर्दै द्विपक्षीय सम्बन्धलाई अझ सुदृढ तुल्याउन 'ब्रिटिस गोर्खा'को योगदानको प्रशंसा गर्नुभयो । विगतमा राजा चार्ल्सले गर्नुभएको नेपाल भ्रमणको स्मरण गर्दै उहाँले विभिन्न क्षेत्रमा ख्यातिप्राप्त नेपाली 'डायस्पोरा'को काम र उपलब्धिबाट आफू प्रेरित भएको बताउनुभयो ।

बेलायतकी परराष्ट्र राज्यमन्त्री आन मारी ट्रेवल्यानले बेलायत-नेपालबीचको घनिष्ठ सम्बन्धबारे चर्चा गर्दै बेलायतले नेपालको विकास प्रयासमा सहयोग गरिरहेको र त्यो जारी रहने बताउनुभयो । उहाँले नेपाालसँगको आर्थिक सम्बन्धलाई थप विस्तार गरी उसको मध्यम आययुक्त मुलुक बन्ने लक्ष्यमा सहायता गर्ने बताउनुभयो ।

बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'का तर्फबाट प्रधानमन्त्री सुनकप्रति शुभकामना व्यक्त गर्दै सन् १९२३ मा सम्पन्न मैत्रीसन्धिका विविध पक्षको चर्चा गर्नुभयो । उहाँले मैत्रीसन्धिपश्चात् अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको उपस्थिति र अन्तर्राष्ट्रिय सम्बन्ध प्रवर्द्धन गर्न महत्त्वपूर्ण योगदान भएको उल्लेख गर्नुभयो ।

नेपालमा हालसम्म भएका सामाजिक एवं राजनीतिक परिवर्तन तथा हासिल भएका प्रगतिबारे जानकारी दिँदै राजदूत आचार्यले नेपालको विकासमा बेलायतले पुर्याएको सहयोगका निम्ति आभार व्यक्त गर्नुभयो । साथै उहाँले आगामी एक सय वर्षमा नेपाल-बेलायत द्विपक्षीय सम्बन्धलाई थप क्षेत्रमा विस्तार गरी पारस्परिक सम्बन्ध अझ सुदृढ तुल्याउन दुवै पक्षबाट महत्त्वपूर्ण भूमिका निर्वाह हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो ।कार्यक्रममा बेलायतमा विभिन्न पेसा तथा व्यवसायमा रहेको नेपाली समुदाय, भूतपूर्व गोर्खा, बेलायतका सांसद तथा उच्चपदस्थ अधिकारी एवं नेपालका बेलायती मित्रहरूको उपस्थिति थियो ।

नेपाल र बेलायतबीच सन् १९२३ को मैत्रीसन्धिमा हस्ताक्षर भएको सय वर्ष पुगेको उपलक्ष्यमा विभिन्न कार्यक्रम आयोजना गरी मनाउने सिलसिलामा नेपाली राजदूतावास र बेलायती परराष्ट्र मन्त्रालयको समन्वयमा नेपाली समुदायको सहयोगमा सो समारोह सम्पन्न भएको हो ।

यो ऐतिहासिक अवसरलाई स्मरणीय तुल्याउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार स्थित प्रेक्षालयमा गत २१ डिसेम्बरमा विशेष समारोह आयोजना गरिएको थियो । सोही प्रेक्षालयमा २१ डिसेम्बर १९२३ मा उक्त सन्धिमा हस्ताक्षर भएको थियो ।

**बेलायती प्रधानमन्त्रीद्वारा स्वागत समारोह आयोजना**

नेपाल र संयुक्त अधिराज्यबीच मैत्रीसन्धिमा हस्ताक्षर भएको एकसय वर्ष पूरा भएको अवसरमा बेलायती प्रधानमन्त्री ऋषि सुनकले लन्डनमा स्वागत समारोहको आयोजना गर्नुभएको छ ।

सोमबार बेलायती सहर लन्डनको नम्बर १० डाउनिङ स्ट्रिटमा सो समारोहको आयोजना गर्नुभएको नेपालस्थित बेलायती दूतावासले आज प्रेस विज्ञप्तिमार्फत जानकारी दिएको छ । त्यस अवसरमा नेपाल र बेलायतका बीचमा सय वर्षअघि सन् १९२३ मा सिंहदरबारमा हस्ताक्षर गरिएको मैत्री सन्धिको प्रति पनि प्रदर्शनीमा राखिएको थियो ।सो समारोहमा बेलायतका सांसद तथा उच्च अधिकारीहरु, नेपालका लागि बेलायती राजदूत ज्ञानचन्द्र आचार्य तथा लन्डनमा रहेका नेपाली समुदायका नागरिकहरु, ब्रिटिस गोरखामा रही सेवा गरेका नेपाली नागरिक एवं हिमाल आरोहीलगायतको उपस्थिति रहेको सो विज्ञप्तिमा जनाइएको छ ।

त्यस अवसरमा सम्बोधन गर्दै बेलायती प्रधानमन्त्री सुनकले बेलायत नेपाल सम्बन्धका विविध आयामहरुका बारेमा चर्चा गर्नुभयो । उहाँले बेलायतका लागि नेपाली ब्रिटिस गोरखाहरुले अतुलनीय योगदान पुऱ्याएको स्मरण गर्दै नेपालको यो योगदानले नै दुई देशबीचको सम्बन्ध सदाका लागि सुमधुर तथा अविस्मरणीय रहिरहने बताउनुभयो ।

सो अवसरमा उहाँले बेलायत र नेपालले शान्ति, पारस्परिक सम्मान र मित्रतालाई सदैव कायम राख्ने प्रतिज्ञा गर्दै सय वर्षअघि गरेको सो सन्धिको हस्ताक्षर दुई देशबीचको एक ऐतिहासिक धरोहर भएको र यसले दुई देशको सम्बन्धलाई सधैँका लागि जीवन्त राख्ने पनि बताउनुभयो । सो समारोहमा इन्डो प्यासिफिकसम्बन्धी बेलायती स्टेट मिनिस्टर अन्ना म्यारी र बेलायतका लागि नेपाली राजदूत ज्ञानचन्द्र आचार्यले पनि नेपाल बेलायत सम्बन्धका विविध क्षेत्रमा धारणा राख्नुभएको थियो । रासस

# समृद्ध नेपालका लागि महिलालाई सशक्त बनाउनुपर्छ : प्रमुख साह



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोज साहले समृद्ध नेपाल बनाउनका लागि महिलालाई सशक्त बनाउनुपर्नेमा जोड दिएका छन् ।

नेपाल सरकारको समन्वय युरोपियन युनियन र संयुक्त राष्ट्र सङ्घीय चारवटा संस्थाको आर्थिक सहयोगमा जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा यस्तो बताए ।

उनले महिला र बालबालिकाको सशक्तिकरणका लागि जनकपुरधाम उपमहानगरपालिका सदैव तयार रहेको र यसका लागि पालिका स्तरबाट पनि कार्यक्रम सञ्चालन गरिएको जानकारी दिए ।

उनले नेपालमा फोहर व्यवस्थापन चुनौती बन्दै गएको समयमा महिला सशक्त भएमा फोहर व्यवस्थापनमा उनीहरूको भूमिका महत्वपूर्ण हुने बताए । कार्यक्रममा मधेश प्रदेश सरकारको खेलकुद तथा समाज कल्याण मन्त्रालय समाजकल्याण महाशाखाका प्रमुख देवकुमारी खत्रीले महिलालाई आर्थिक रूपमा र सामाजिकरुपमा सशक्त गर्नुको साथै श्रमिक महिलाको सवालमा पनि कामकाज गर्नुपर्ने आवश्यकता औँल्याए ।

कार्यक्रममा यु.एन.एफ.पिएका मधेश प्रमुख नरेन्द्र मिश्रले लैङ्गिक हिंसा रोकथामका लागि महिलाको चेतनाको स्तरमा वृद्धि हुनुपर्ने भन्दै आफ्नो संस्थाले चेतना रूपान्तरण र तालिम दिने कामकाज गरी रहेको जानकारी गराए।कार्यक्रममायु.एन.एफ.पिए, युनिसेफ, आइ.एल.ओ र यु.एन.ओमेनका प्रतिनिधिले महिला सशक्तिकरणका लागि मधेश प्रदेशमा गरिरहेका कामकाजको विषयमा प्रस्तुति प्रस्तुत गरेका थिए । २०७८ को जनगणना अनुसार जनकपुरधाम उपमहानगरपालिकामा ३७.५ प्रतिशत किशोरीको १५ देखि १७ वर्ष उमेरमा विवाह हुने गरेको छ । साथै ३२.६ प्रतिशत किशोरीहरूका १८ देखि २० वर्षमा विवाह हुने गरेको तथ्याङ्क छ ।

त्यसैगरी ६८.४ प्रतिशतले मात्रै जन्मदर्ता बनाउने गरेको र जनकपुरधामको ७६.६ प्रतिशत साक्षरतादर रहेको तथ्याङ्क युनिसेफका कामदेव खनालले प्रस्तुत गरेका थिए ।

# रासायनिक मल अभाव

**टुडे समाचारदाता**

मलंगवा । वर्षा भएसँगै खेतीबालीमा हाल्नुपर्ने रासायनिक मलखाद नपाउँदा सर्लाहीका किसान चिन्तित बनेका छन् ।

हाल उखु लगायत पुरानो बालीमा युरिया तथा नयाँ लगाउने बालीमा डीएपी हाल्न पाए उत्पादन बढ्ने भए पनि पर्याप्त मलखाद नपाउँदा किसान चिन्तित बनेका छन् । विगतका वर्षहरुमा जस्तै खेती लगाउने मुख्य सिजन सुरु हुने समयमा माग अनुसार युरिया, डिएपी र पोटास जस्ता मलखाद नपाउँदा किसानले हैरानी व्यहोर्नु परेको छ ।

अहिले किसानले आफ्नो बारीमा लगाएको उखु, मकै,चैते धान, तरकारी लगाएत बालीमा पर्याप्त मलखाद हाल्न पाएका छैनन् ।

नेपाल उखु उत्पादक महासंघका अध्यक्ष कपिलमुनी मैनालीले मलखादको अभावमा उखु बालीको उत्पादन घट्ने भन्दै चिन्ता व्यक्त गरे । किसानले उखु गोडमेल गरिसकेर मलखाद दिने बेला भइसक्यो, तर मल अभावले सम्पूर्ण किसान चिन्तित छन्', मैनालीले भने-'वर्षाले खुशी भएका किसान मल अभावले दुःखी बन्न पुगेका छन् ।'

किसानको माग अनुसार मल नआएकाले अभाव भएको कृषि सामग्री कम्पनी लिमिटेड सर्लाहीका प्रमुख ध्रुव प्रसाद साहले बताए । साहका अनुसार सर्लाहीमा युरिया १५ हजार मेट्रिक टन माग रहे पनि केन्द्रबाट ६ हजार मेट्रिक टन मात्र आउने गरेको छ । त्यस्तै १० हजार मेट्रिक टन डीएपी माग भए पनि ५ हजार मेट्रिक टन तथा पोटास १५ सय मेट्रिक टन माग रहेकामा २ सय मेट्रिक टन मात्र आईरहेको साहले बताए । सर्लाहीले पाउँदै आएको कोटा बढाउनका लागि मन्त्रालयमा लिखित पत्राचार समेत गरिएको साहको भनाइ छ ।

> साहका अनुसार सर्लाहीमा युरिया १५ हजार मेट्रिक टन माग रहे पनि केन्द्रबाट ६ हजार मेट्रिक टन मात्र आउने गरेको छ ।

# स्थानीय तहको सूचनामा युवाको पहुँच न्यून

**टुडे समाचारदाता**

जलेश्वर । मधेश प्रदेशको स्थानीय तहहरूको सूचनामा युवाको पहुँच न्यून रूपमा देखिएको महोत्तरीमा आयोजित एक कार्यक्रममा वक्ताहरूले बताएका छन् ।

अकाउन्टाबिलिटी ल्याब नेपालले जलेश्वरमा गरेको अन्तरक्रिया कार्यक्रममा सर्वेक्षण नतिजा सार्वजनिक गर्दे मधेश प्रदेशमा सूचनाको पहुँचमा युवाहरूको संख्या नगण्य देखिएको जनाएको छ ।

सो संस्थाका प्रतिनिधि राकेशप्रसाद चौधरीले अन्य प्रदेशको पालिकाहरूमा ५० प्रतिशतभन्दा बढी युवाको पहुँच स्थानीय तहको सूचनामा रहेको देखिएकोमा मधेश प्रदेशमा सो संख्या न्यून देखिएको बताए ।

उनले कार्यक्रम गरिएको जलेश्वर नगरपालिकामा २९ प्रतिशत युवाको मात्रै सूचनामा पहुँच देखिएको बताउँदै सूचना दिन र लिने दुवै पक्षमा समस्या देखिएको बताए । उनले जलेश्वर नगरपालिका क्षेत्रका ४५२ युवाबीच गरिएको सर्वेक्षणमा २९ प्रतिशत युवाको सूचनामा पहुँच रहे पनि ८९ प्रतिशतले कठिनाइ भोग्नुपरेको र त्यसमध्ये ५९ प्रतिशतले पर्याप्त सूचना नपाएको देखिएको बताए ।



अन्तरक्रिया कार्यक्रममा जिल्ला हुलाक कार्यालयका सूचना अधिकारी सतिशकुमार महतोले युवालाई सूचनाको महत्व बुझ्न आग्रह गर्दै आवश्यक सूचना प्राप्तिका लागि अग्रसरता देखाउन आग्रह गरे । अन्तरक्रिया कार्यक्रममा सूचना पाउन युवाले कठिनाइ भोग्नुपरेको तथ्यलाई अस्वीकार गर्ने अवस्था नरहेको इन्सेक प्रतिनिधि ममता विश्वकर्माले बताइन् । उनले एउटा सूचनाको लागि धेरै दिन दौडाउने, नानाभाँतीका कुरा गर्ने, दलीय र पक्षीय कुरा गर्ने जस्ता समस्याले गर्दा कतिपय युवाहरू सूचना माग्न हच्किएको जानकारी दिए ।

कार्यक्रममा युवा अभियन्ता अकबर अन्सारीले युवा तथा युवालक्षित कार्यक्रममा सरकारी कार्यालयको बेवास्ताले गर्दा पनि सूचनाको पहुँचको अवस्था देखाउने गरेको बताउँदै सूचना प्राप्ति सहजरुपमा हुनुपर्ने बताए । कार्यक्रममा अकाउन्टाबिलिटी ल्याबकी प्रतिनिधि सूचिता श्रेष्ठले नेपालबाट सुरु भएको यो संस्थाको अभियान १३ देशमा पुगिसकेको जानकारी दिइन् ।


त्यस्तै सबिन महर्जनले युवाको पहुँच सूचनामा बढाउन स्वयं युवा अग्रसर हुनुपर्ने जिकिर गरिन् ।

स्थानीय क्याम्पसमा अध्ययनरत विद्यार्थी, युवा, कर्मचारी, सञ्चारकर्मी, गैरसरकारी संस्थाका प्रतिनिधि, यौनिक तथा लैङ्गिक अल्पसंख्यक लगायतको उपस्थिति थियो ।

# हत्याको आरोपि १८ वर्ष पछि पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय पर्साले हत्याको आरोपी एक व्यक्तिलाई पक्राउ गरेको छ । कर्तव्य ज्यान मुद्दामा फरार प्रतिवादीलाई घटनाको १८ वर्षपछि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।



पक्राउ पर्नेमा पर्साको सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर ६ एकडर्वा निवासी ५० वर्षका 'विनोद' भन्ने विनय प्रसाद यादव रहेका छन् ।

गाउघरमै वसिरहेको विशेष सूचनाको आधारमा उनलाई घरबाटै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता प्रहरी नायब उपरीक्षक कुमार बिक्रम थापाले बताए ।

उनले भने 'विनय माथि २०६३ साल साउन १२ गते पर्साको गाविस.लखनपुर-९ नहर डिलमा रेखा राउत कम्करको गोली हानेर हत्या गरेको आरोप छ ।' पक्राउ परेका यादवलाई पर्सा जिल्ला अदालतबाट म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०८१/०१/१० गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : मनिषा कुमारी यादव**
**सिम्बोल नं.:** ११७०२९६८/२१७०२५३१
**रजिष्ट्रेशन नं.:**७०१७३४०१६
**ठेगाना:जि.ध. गाविस उमाप्रमेपुर-१**
**हाल : धनुषाधाम न.पा.-६**
**मो.नं.**९८१३३९००४४

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : नयाँ कार्य हुने । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : पुरस्कार प्राप्त लाभ । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



वीरगञ्ज महानगरपालिका -४ स्थित बिर्तामा बेलुकापख तरकारी किन्दै सर्वसाधारण । अन्य स्थानमा भन्दा केही सस्तो मूल्यमा यहाँ  ताजा तरकारी पाइने उपभोक्ता बताउँछन् । *तस्बिरः रासस*

# बेचबिखनविरुद्धका मुद्दामा छिटो फैसला हुनुपर्ने

**टुडे समाचारदाता**

काठमाण्डु । महिला र बालबालिका बेचबिखनविरुद्ध अदालतमा दर्ता भएका मुद्दामा छिटो फैसला हुनुपर्ने आग्रह गरिएको छ । शक्ति समूहले मंगलबार आयोजना  गरेको मानव बेचबिखन न्यूनीकरणमा सञ्चार क्षेत्रको भूमिका विषयक कार्यक्रममा वक्ताले पीडितलाई न्यायका लागि छिटो फैसला हुनुपर्ने आग्रह गरिएको हो ।

सो समूहका कार्यकारी निर्देशक बालकुमारी दर्लामीले २०६४ सालमा दर्ता भएका मानव बेचबिखनविरुद्धको मुद्दा २०७२ सालमा फैसला भएको उदाहरणसमेत रहेको बताईन् । सो सवालमा अहिलेसम्म एक सय वटा मुद्दा  दर्ता भएकोमा १४ वटाको मात्र फैसला भएको देखिएको उनले जनाईन् ।

अभियन्ता चरिमाया तामाङ्ले मानव बेचबिखनविरुद्धको कार्यमा राज्य, समुदाय र सञ्चारमाध्यमको महत्वपूर्ण भूमिका रहेको बताईन् । पत्रकार मात्रिका पौडेलले मानव बेचबिखनविरुद्धको अभियानमा सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका निर्वाह गरेको सचेतना र खबरदारीको भूमिका निर्वाह गर्ने बताए ।

# फिनल्याण्डद्वारा जलवायु अनुकूलन कार्यक्रमका लागि एक अर्ब ८७ करोड अनुदान




काठमाण्डु । फिनल्याण्डले नेपालको स्थानीय जलवायु अनुकूलन कार्यक्रमका लागि अनुदान सहायता उपलब्ध गराउने भएको छ । अर्थ मन्त्रालयमा मंगलबार आयोजित कार्यक्रममा उक्त आर्थिक सहायतासम्बन्धी सम्भौतामा हस्ताक्षर भएको छ ।

सम्भौतामा नेपालका तर्फबाट अर्थ मन्त्रालयका सहसचिव एवं अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखा प्रमुख श्रीकृष्ण नेपाल तथा नेपालका लागि फिनिस राजदूत सुश्री रिना-रिक्का हेक्काले हस्ताक्षर गर्नुभयो । गत ३ जेठमा बसेको मन्त्रिपरिषद बैठकले उक्त सहयोग रकम स्वीकार गर्ने निर्णय गरेको थियो । सम्भौताअनुसार फिनल्याण्डले नेपाललाई १३ मिलियन यूरो अर्थात एक अर्ब ८७ करोड अनुदान दिने छ । यो अनुदान रकमबाट कर्णाली र सुदूरपश्चिम प्रदेशका विभिन्न स्थानीय तहमार्फत जलवायु अनुकूलन कार्यक्रम सञ्चालन गरिनेछन् ।

युरोपेली सङ्घ र अर्थ मन्त्रालयबीच त्यससम्बन्धी सम्भौतापत्रमा यसअघि नै हस्ताक्षर भइसकेको छ । गत वर्षको साउन ६ मा भएको उक्त नेपालका तर्फबाट अर्थ मन्त्रालयका तत्कालीन सचिव अर्जुन पोखरेल र सङ्घका तर्फबाट मध्यपूर्व र एसिया प्रशान्त क्षेत्र हेर्ने निर्देशक पेटेरियस युस्तुब्सले हस्ताक्षर गर्नुभएको थियो ।नेपाल र फिनल्याण्ड तथा पुरोपेली सङ्घबीच कूटनीतिकसम्बन्ध स्थापना भएको ५० वर्ष पुगेको अवसरमा उक्त सम्भौता भएको जानकारी दिइएको छ । आयोजनाको कार्यान्वयन आगामी आर्थिक वर्ष २०८१/८२ मा हुनेछ ।

कार्यक्रममा सहसचिव नेपालले जलवायु परिवर्तनमा स्थानीय अनुकूलन तथा प्राकृतिक स्रोत व्यवस्थापनमार्फत जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण गर्ने लक्ष्य आयोजनाले राखेको बताउनुभयो । कार्यक्रमले प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा स्थानीय जनताको जीविकोपार्जनमा योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो । राजदूत हेक्काले सम्भौता संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्मेलन (कोप-२८) का क्रममा फिनल्याण्ड र युरोपेली सङ्घले गरेको प्रतिबद्धता कार्यान्वयनको एक हिस्सा भएको बताउनुभयो ।

संयुक्त अरब इमिरेट्को दुबईमा गत कात्तिकमा सम्पन्न कोप-२८ मा कार्बन उत्सर्जनमा नगन्य भूमिका भएका तर जलवायु परिवर्तनको प्रतिकूल प्रभावबाट जोखिममा रहेका नेपालजस्ता विकासोन्मुख मुलुकलाई विकसित मुलुकले जलवायु अनुकूलन कार्यक्रमका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । सम्मेलनले विश्वव्यापी तापमान वृद्धिलाई एक दशमलव पाँच डिग्री सेल्सियसमा सीमित राख्न विश्वव्यापी हरितगृह ग्यास उत्सर्जनलाई सम्ममा ४३ प्रतिशत घटाउनुपर्ने निष्कर्ष निकालेको थियो ।

राजदूत हेक्काले नेपाली समुदायले जलवायु परिवर्तनको नकारात्मक प्रभावको सामना गरिरहेको भन्दै त्यसबाट बच्न यस्ता कार्यक्रम उपलब्धिमूलक हुने विश्वास व्यक्त गर्नुभयो । "हामी जलवायु परिवर्तनका असर कम गर्न तथा जलवायुका क्षेत्रमा निर्धारण गरिएका विश्वव्यापी लक्ष्य प्राप्तिका लागि आफ्नो प्रतिबद्धता निर्वाह गर्न तत्पर छौँ", उहाँले भन्नुभयो, "यस्ता परियोजनामार्फत जलवायु परिवर्तनबाट सबैभन्दा बढी प्रभावित व्यक्तिको जीवनमा परिवर्तन ल्याउन सक्छौँ भन्ने हाम्रो विश्वास हो ।" उहाँले सम्भौताले जलवायु परिवर्तनको जोखिममा रहेका क्षेत्रका मानिसको दैनिक जीवनमा सुधार ल्याउने लक्ष्य राखेको बताउनुभयो ।

कार्यक्रमले स्थानीय बासिन्दालाई वातावरणीय परिवर्तनसँग अनुकूलन गर्न, उनीहरूको जीविकोपार्जन सुरक्षित गर्न र जीवनको अवस्था सुधार गर्नका लागि दिगो प्राकृतिक स्रोत व्यवस्थापनमा योगदान गर्ने विश्वास राखिएको छ । परियोजनाले खाद्य, आय वृद्धि गर्न जलवायु उत्थानशील कृषि कार्यक्रम, प्राकृतिक स्रोतको दिगो प्रयोगमा जोड दिनेछ । परियोजना सञ्चालन गर्दा बढीभन्दा बढी महिला समुदायलाई लाभान्वित गर्ने लक्ष्य राखिएको छ ।

परियोजनाले प्रदेश र स्थानीय तहमा लैङ्गिक समानता र समावेशी शासन स्थापना गर्ने तथा सङ्घीय संरचना सुदृढ गर्न सहयोग गर्ने पनि लक्ष्य राखेको छ । फिनल्याण्डले यसअघि  सुदूरपश्चिम र कर्णालीमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना सञ्चालन गरेको थियो ।रासस

# सगरमाथामा कीर्तिमान बनाउने प्रतिस्पर्धा

काठमाण्डु । सर्वोच्च शिखर सगरमाथाको २९औँ पटक सफल आरोहण गरी विश्वकीर्तिमान कायम गर्नुभएका कामीरिता शेर्पा ३०औँ पटक सगरमाथा आरोहणका लागि सगरमाथाको चुचुरोतिर उक्लनुभएको छ । वसन्त ऋतुको जारी आरोहणमा कामीरिताले वैशाख ३० गते सगरमाथाको २९औँ पटक आरोहण गरेर यसअघि २८औँ पटक सगरमाथा आरोहणको कीर्तिमान तोडेर नयाँ कीर्तिमान बनाउनुभएको थियो ।

उक्त कीर्तिमान भङ्ग गर्दै यही सिजनमा सगरमाथाको दोस्रो पटक आरोहणका लागि कामीरिता सोमबार चुचुरोतर्फ लाग्नुभएको हो । सगरमाथा आधारशिविर स्थित पर्यटन विभागको अस्थायी फिल्ड कार्यालयका प्रमुख खिमलाल गौतमका अनुसार कामीरिताले भोलि बुधबार बिहान सगरमाथाको चुचुरोमा पुग्ने योजना अनुरुप अहिले सगरमाथाको चौँथो शिविरनजिक हुनुहुन्छ ।

"कामीरिता शेर्पा ३० औँ पटक सगरमाथा आरोहणका लागि अहिले साउथकोल नजिक पुग्नुभएको छ । भोलि बिहान चुचुरोमा पुग्ने योजना छ", फिल्ड कार्यालय प्रमुख गौतमले भन्नुभयो ।

सोलुखुम्बु थामेका ५४ वर्षीया कामीरिता सगरमाथाको सबैभन्दा धेरैपटक सगरमाथा आरोहण गरेर कीर्तिमान बनाउने संसारका एक मात्र पर्वतारोही हुनुहुन्छ । सन् १९९४ मे १३ मा पहिलो पटक सगरमाथाको चुचुरोमा पुग्नुभएका कामीरिताको नाममा आठ हजार मिटर अग्ला शिखरमा सबैभन्दा बढी आरोहण गरेको कीर्तिमान छ । सगरमाथा आरोहणको ७१ वर्षे इतिहासमा सर्वाधि आरोहण गर्ने एक मात्र कीर्तिमानी आरोही कामीरिता शेर्पा हुनुहुन्छ ।



अघिल्लो वर्षको वसन्त ऋतुमा सोलुखुम्बुकै पासाङ दावा शेर्पाले २७ पटक सगरमाथा आरोहण गरेर कीर्तिमान बनाउनुभएको थियो । सगरमाथामा विभिन्न कीर्तिमान कायम गर्ने प्रतिस्पर्धा नै चलिरहेको छ । यही याममा पत्रकार पूर्णीमा श्रेष्ठले एक सातामा तीन पटक सगरमाथा आरोहण गरेर कीर्तिमान कायम गर्ने योजना अनुरुप सगरमाथाको चुचुरोतर्फ लाग्नुभएको छ । पत्रकार श्रेष्ठले यो याममा दुई पटक सगरमाथा आरोहण गरिसक्नुभएको छ ।

तेस्रो आरोहणका लागि उहाँ पनि चुचुरोतर्फ लाग्नुभएको जनाइएको छ । यस्तै होटा पुड्का सागर सुनुवारले पनि यही याममा सगरमाथा आरोहण गरेर कीर्तिमान बनाउने उद्देश्यसहितसगरमाथा आरोहणमा जानुभएको छ । कास्कीका सागर तीन फिट सात इन्च अग्लो हुनुहुन्छ । यही याममा सगरमाथा आरोहणका लागि अनुमति लिएकामध्ये ७० प्रतिशत आरोहीले आरोहण गरिसकेको प्रमुख गौतमले जानकारी दिनुभयो ।

उहाँले यस याममा आरोही र शेर्पा सहयोगीसहित चार सय ६० ले सगरमाथा आरोहण गरेको बताउनुभयो । "हालसम्म करिब ७० प्रतिशत आरोहीले सगरमाथा आरोहण गरिसक्नुभएको छ", उहाँले भन्नुभयो, "अबको चार दिनमा आरोहणका लागि मौसम उपयुक्त भएकाले बाँकी आरोहीले आरोहण सक्ने अनुमान गरिएको छ ।"

**खाली हुँदै सगरमाथा आधार शिविर**

सगरमाथाको आधार शिविर स्थित चाँदीभैं टल्कने हिउँमा रङ्गीविरङ्गी त्रिपालले सजिएको सगरमाथाको आधारशिविर बिस्तारै सुनसान बन्दै गएको छ । सगरमाथा आरोहण सकेर आरोही गन्तव्यतर्फ लागेको तथा बाँकी आरोही आरोहणका लागि सगरमाथाको चुचुरोतर्फ लागेकाले आधारशिविर सुनसान बन्न थालेको विभागको फिल्ड कार्यालयका प्रमुख गौतमले बताउनुभयो । उहाँका अनुसार यो याममा सगरमाथा आधारशिविरमा आरोहीको व्यवस्थापनका लागि एक हजार पाँच सय पाल टाँगिएको थियो ।

आधारशिविरमा पर्वतारोही, शेर्पा गाईड र सहयोगी तथा अन्य सरोकारवाला निकायका प्रतिनिधि गरी तीन हजार हाराहारी मानिसको चहलपहल थियो । आरोहण यामको दुई महिनाभर आधारशिविरमा मानवीय चहलपहल रहन्छ । यस याममा दुई जना मङ्गोलियन नागरिकको मृत्यु भएको विभागले जनाएको छ । आरोहणका क्रममा घाइते भएका ५० जना भन्दाबढी आरोहीको सगरमाथाको विभिन्न क्षेत्रबाट उद्धार गरिएको छ । घाइतेमध्ये कतिपय आरोहीको हात आँखा खिइएको छ । उनीहरुको काठमाडौँका विभिन्न अस्पतालमा उपचार भइरहेको जनाइएको छ ।

पर्वतारोहण अनुगमन तथा सहजीकरण समितिले यो पटक आधार शिविरमा हुने अवैधानिक गतिविधि रोक्ने, जथाभावी ड्रोन उडाउने तथा विदेशी नागरिकको अवैध गतिविधि नियन्त्रणमा पनि भूमिका खेलेको जनाइएको छ । बेसक्याम्पमा एक हजार पाँच सयभन्दा बढी पालमा भोलि बिहान साउथ कोल नजिक हुनुहुन्छ ।  मे २५ भित्र मौसम राम्रो भएकाले सोही समयभित्र आरोगण गरिसक्न विभागको फिल्ड कार्यालयले सबै आरोहीलाई सूचित गरेको छ ।

यस वर्षको वसन्त आरोहण गत वैशाख २८ गतेदेखि सुरु भएको थियो । आरोहणका लागि १० जना दक्ष कामदार (आइसफल डाक्टर)ले सगरमाथाको चुचुरोसम्म 'रोप फिक्सिङ' (डोरी टाँग्ने) गरेपछि आरोहणको ढोका खुलेको थियो । पर्यटन विभागको साहसिक पर्यटन तथा पर्वतारोहण शाखा निर्देशक राकेश गुरुङले सगरमाथा आरोहण करिब अन्तिम चरणमा पुगेको बताउनुभयो । मौसम अनुकूल रहेकाले बाँकी आरोही पनि सहज रुपमा चुचुरो पुग्ने अनुमान गरिएको उहाँले उल्लेख गर्नुभयो । विभागको पर्वतारोहण शाखाका अनुसार यो सिजनमा सगरमाथा आरोहण गर्न ४१ आरोही समूहका ७५ महिला र तीनसय ३९ पुरुषसहित चार सय १४ जनाले अनुमति लिएका थिए ।रासस

# कोठाभाडा तिर्न नसक्दा...

काठमाण्डु । काठमाडौँको कागेश्वरी मनहरा नगरपालिका-५ थलीमा मृतावस्थामा भटिएका ५४ वर्षीय कृष्ण नगरकोटीले कोठाभाडा तिर्न पनि नसक्ने परिवारको आर्थिक अवस्थाका कारण आफू र छोराको ज्यान लिने गरी अप्रिय कदम चालेको प्रहरीको अनुसन्धानबाट खुलेको छ ।

प्रहरीका अनुसार छालिङ-७ भक्तपुरका नगरकोटी ट्र्याक्सी चलाउँथे । ट्र्याक्सी चलाउँदा पनि सोचेजस्तो आम्दानी नहुँदा परिवारको खर्च धान्नै मुस्किल थियो । जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले प्रारम्भिक अनुसन्धानमा सोही कारणले उनले आत्महत्या गरेको खुलेको जानकारी दिनुभयो ।



कालो कपडाले मुख छोपिएको र घाँटी काटिएको अवस्थामा उनको शव आज विहान फेला परेको प्रहरीको भनाइ छ । स्थानीयले शव देखेपछि प्रहरीलाई खबर गरेका थिए । त्यसपछि जिल्ला प्रहरी परिसर काठमाडौँ तथा प्रहरी वृत्त बौद्धबाट प्रहरी टोली घटनास्थलमा खटिएको थियो । कृष्णको शव भेटिएपछि छोरा रिचेन घाइते अवस्थामा भेटिएका थिए । दुवै जना मुखका कालो कपडाले छोपिएको र घाँटी काटिएको अवस्थामा भेटिएको प्रहरीको भनाइ छ । प्रवक्ता अधिकारीले भन्नुभयो, "घाइते अवस्थामा मंगलबार भेटिएका रिचेनलाई प्रहरीले हिजो पनि चोभार चाल्नाखेलमा आत्महत्याको प्रयास गर्दैगर्दाको अवस्थामा उद्धार गरेको खुल्न आएको छ ।"

प्रहरीका अनुसार कृष्ण बिगत १५ वर्षदेखि टयाक्सी चलाउदै आएका थिए । श्रीमतीले छाडेपछि उनी छोरा रिचेन र छोरी रश्मीसँग काठमाडौँको रबिभवन, गणेशथानमा भाडाको कोठामा बस्दै आएका थिए । पछिल्लो तीन महिनायता कोठाभाडा तिर्न नसक्दा तीनै जना ट्र्याक्सीमा रात कटाउँदै आएको प्रहरीको भनाइ छ । रिचेन र रश्मीको मानसिक अवस्था सामान्य नदेखिएको खुल्न आएको प्रहरीले जनाएको छ ।

कृष्णले सोमबार सेतोपुल नजिक ट्र्याक्सी बिग्रिएको भन्दै छोरीलाई त्यही छाडेर छोरासँगै हिँडेका थिए । प्रहरीले मंगलबार विहान सेतोपुल नजिकै रश्मीलाई ट्र्याक्सीभित्र बसिरहेको अवस्थामा फेला पारी उद्धार गरेको थियो । रश्मीलाई हाल जिल्ला प्रहरी परिसर काठमाडौँमा राखिएको प्रवक्ता अधिकारीले बताउनुभयो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।रासस

# सशस्त्र प्रहरी निरीक्षक पौडेलद्वारा सगरमाथा आरोहण

**टुडे समाचारदाता**

काठमाण्डु । सशस्त्र प्रहरी बल नेपाल (एपिएफ)मा सेवारत प्रहरी निरीक्षक सुरज पौडेलले सोमबार विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरेका छन् ।

एपिएफको इतिहासमा पहिलोपटक सङ्गठनको प्रतिनिधित्व गर्दै उनले यही जेठ ७ गते सोमबार बिहान १०:२० बजे सगरमाथा आरोहण गर्न सफल भएको सशस्त्र प्रहरी बलका नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए ।



इलाइट एक्सपेड नेपाल एपिएफ एभरेष्ट एक्सपीडिसन नामक पर्वतारोही दलको नेतृत्व गर्दै शेर्पा एक्सट्रिम प्रालिमार्फत निरीक्षक पौडेल सगरमाथामा आरोहणका लागि गत चैत ३० गते त्यसतर्फ प्रस्थान गरेका थिए । उनले यस बीचमा सगरमाथासँगै रहेको लुवुचे हिमालको समेत सफल आरोहण गरेका थिए । एपिएफले उत्तरतर्फको कठिन भूगोलमा समेत आफ्नो उपस्थिति जनाउँदै लगेको अवस्थामा यस आरोहणले आगामी दिनमा हिमाली भेगमा हुने विपद् व्यवस्थापन कार्यमा समेत सहयोग पुग्ने सङ्गठनले अपेक्षा लिएको जनाएको छ ।

हिमाली भेगमा हुने विपद् व्यवस्थापन उद्धारका लागि दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यले एपिएफले पर्वतीय उद्धार तालिम शिक्षालय स्थापना गरिसकिएको छ । यसबाट दक्ष जनशक्ति उत्पादन गर्ने लक्ष्य लिएअनुरुप सगरमाथाको सफल आरोहणले त्यस प्रकारका तालिमलाई समेत गुणस्तरीय बनाउन मदत पुग्ने जनाइएको छ ।

**Janakpurdham Sub-Metropolitan City**
**Office of the Municipal Executive**
**Janakpurdham, Dhanusha**
**Madhesh Province, Nepal**


**Invitation for Electronic Bids**

**Date of First publication: 2081-02-09 (22ndMay2024)**

1. Janakpurdham Sub-Metropolitan City has allocated funds for Procurement & Construction of below Mentioned Works.Only electronic bids are accepted. For Further Information and More Details about the bid, Bidders may visit PPMO website: www. bolpatra.gov.np/egp.

| Contract No. | Description of Work | Estimated Amount Excluding VAT & PS | Bid Security Amount | Last Date of Bid Submission | Bid Document Fee. |
|---|---|---|---|---|---|
| JSMC/NCB/ WORKS/ 04/2080-081 | Construction of 150 mm Dia X 200 m. Depth Deep Tubewell at JSMC office | 3006186.21 | 90,000.00 | 21-06-2024 12:00 | 3000.00 |

**Chief Administrative Officer**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन॥

## सम्पादकीय

# गलत अभ्यासतर्फ संसद

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले प्रतिनिधि सभामा चौथो पटक विश्वासको मत प्राप्त गर्न सफल भएका छन्। जनता समाजवादी पार्टी(जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवसहित ५ जना सांसदले विश्वासको मतमा सहभागी नभए पनि सो पार्टीबाट विभाजित भएर बनेको जसपाका ७ जना सांसदले प्रधानमन्त्रीलाई विश्वासको मत दिए। कांग्रेससितको गठबन्धनमा रहँदाको अवस्थामा प्रधानमन्त्रीलाई विश्वासको मत दिने १ सय ५७ जनाको संख्या एमालेसितको गठबन्धनमा पनि कायमै रह्यो। जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले साथ छाडेपछि जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले साथ दिएका छन्। मधेश प्रदेश आधार रहेको जसपा नेपाल र जनमत पार्टीका अध्यक्षबीच राजनीतिक दूरी निकै बढेकोछ। यादव र राउतबीच बोलचाल नै नभएको केही वर्ष भइसक्यो। प्रधानमन्त्री प्रचण्डलाई जसपा नेपालले दिएको समर्थन फिर्ता लिए पनि उनी अल्पमतमा परेका थिएनन्। संसदमा नेपाली कांग्रेसले अवरोध गरेको बेला प्रधानमन्त्री प्रचण्डले विश्वासको मतका लागि हतार नगरेको भए पनि हुने थियो। कांग्रेसले पनि विश्वासको मत लिन लागेका प्रधानमन्त्रीलाई अवरोध गर्नु हुँदैन्थ्यो। संसदीय अभ्यासमा प्रधानमन्त्रीलाई विश्वासको मत लिन अवरोध गर्नु उपयुक्त होइन्। यसबाट माओवादी र कांग्रेसको दूरी बढेकोछ। सत्ता र विपक्षबीच संसदमा सहकार्य हुन नसके पनि मुठभेडको अवस्था पनि आउनु हुँदैन्। संसदमा बहुमत रहेको दलले विपक्षी दललाई पेल्ने नीति लिनु हुँदैन्। विपक्षले पनि हरेक विषयमा विरोध र अवरोध गर्नु हुँदैन्। संसदलाई लोकतान्त्रिक मूल्य र मान्यता अनुरुप नै चल्न दिनुपर्छ। संसदलाई व्यवस्थित र मर्यादित रुपमा चलाउन सत्तापक्षको भूमिका नै महत्वपूर्ण हुन्छ। सत्तापक्षले विपक्षलाई पनि संसदमा विश्वासको वातावरण बनाउनु पर्छ। विपक्षले पनि सत्तापक्षको राम्रा कामलाई सहयोग गर्नुपर्छ। संसदमा सत्ता र विपक्ष बीच बढेको दूरीले सहकारीको अर्बौं रुपैयाँ अपचलन गर्ने सञ्चालकहरु, गिरिबन्धु टी स्टेटको जग्गा प्रकरण लगायतका कयौं मुद्दाहरु ओझेलमा पर्नेछ। सहकारीमा निक्षेप जम्मा गर्ने लाखौं पीडित मानिसले निक्षेप फिर्ता पाउने सम्भावना समाप्त हुन सक्छ। संसदमा यस्ता विषयहरुमा सहकार्य हुनुपर्छ। सत्ता र विपक्ष मिलेर सहकारीमा रकम अपचलन गर्ने अथवा गिरिबन्धु टी स्टेटको जग्गा प्रकरणको छानविन प्रकृया पनि अवरुद्ध हुनेछ। विपक्षले उठाउने सकारात्मक मागहरुलाई सत्तापक्षले सम्बोधन गर्नुपर्छ। लोकतन्त्रमा सबै समस्याको निदान संवादबाट हुन्छ। सत्ता र प्रतिपक्षले संसदमा गलत अभ्यासको थालनीगर्दा आगामी दिनमा त्यसको असर नकारात्मक पर्ने निश्चित छ। लोकतान्त्रिक विधि प्रकृया र मूल्य मान्यता अनुरुप संसदीय गतिविधि अगाडि बढे भविष्यको लागि सकारात्मक हुनेछ।

# सामाजिक सञ्जाल : वर्चस्व, सशक्तीकरण र प्रतिरोधको नयाँ साधन



महेश्वर दाहाल

सामाजिक मिडिया प्लेटफर्म, जसलाई हामीले सामान्य रूपमा सामाजिक सञ्जाल भनेर बुझ्छौँ, यसले त्यस्ता सामग्रीलाई प्राथमिकता दिन्छ, जसले समाजको वर्चस्वशाली मूल्य, मान्यता वा विश्वास बोकेको हुन्छ। फलस्वरूप त्यहाँ त्यस्तै सामग्री बढी देखिन्छन् र प्रभावशाली पनि हुन्छन्।

**सांस्कृतिक पक्ष**

सूचना र सञ्चारका लागि सामाजिक मिडिया अर्थात् नयाँ मिडियाको निर्भरताले वर्चस्वशाली सांस्कृतिक मूल्य-मान्यता र दृष्टिकोणलाई आमरूपमा सर्वस्वीकार्य बनाइएको वा सामान्यीकरण गरिएको छ। त्यसैले सीमान्तकृत समुदायको संस्कृति, पहिचान र अभिव्यक्ति थप सङ्कुचित भइरहेको छ। सांस्कृतिक अभिव्यक्ति र पहिचानहरूबाट तिनै वर्चस्वशाली वर्गले फाइदा उठाएका छन्, जसले हिजो ऐतिहासिक रूपमा त्यस्ता सीमान्तकृत समुदायमाथि दमन र शोषण गरेका थिए।

त्यसैले सांस्कृतिक कारकहरू र विशिष्ट सांस्कृतिक परिवेशले नयाँ मिडियाको प्रयोग तथा सामग्रीको उत्पादन, वितरण, ग्रहण र उपभोगमा प्रभाव पार्छ। सांस्कृतिक मूल्य-मान्यता तथा विश्वास, भाषा, शिक्षा तथा ज्ञानप्रणाली, सामाजिक संरचना तथा गतिशीलता, सामाजिक तथा सांस्कृतिक विविधतासँगै मिडिया साक्षरता र सीप यसका अभिन्न पक्ष हुन्।

हामीले भने नागरिकको जनपक्षीय विचार निर्माणमा सामाजिक सञ्जाल अर्थात् नयाँ मिडियाका प्रभावलाई राम्ररी केलाउनु, बुझ्नु र अङ्गीकार गर्नु जरुरी छ। जसरी विपरीत खेमाले यसलाई वर्चस्व, सशक्तीकरण र प्रतिरोधको नयाँ साधनका रूपमा उपयोग गरेको छ, हामीले पनि सामाजिक न्याय तथा समाजवादसम्मको अभियानमा यसको वर्चस्वपूर्ण उपयोग गर्नु जरुरी छ।

अर्थपूर्ण सामग्रीको प्रस्तुतिमार्फत पाठक, स्रोता एवम् दर्शकलाई सशक्तीकरण गर्ने रणनीति तय गर्नु जरुरी छ। प्रचारमा चेतना र प्रविधि दुबैको गहिरो सम्बन्ध हुन्छ तर चेतनालाई प्राथमिकता दिँदै प्रविधिको प्रभावकारी उपयोग गर्नेमा हामी पोख्त हुनैपर्छ।

**वर्चस्व बुझौं**

स्पष्ट जानकारी, प्रत्यक्ष नियन्त्रण वा दवावबिना नै परोक्ष मत वा शक्ति निर्माण गर्ने पुँजीवादी चरित्र नै नयाँ मिडियाको मूल प्रवृत्ति हो। त्यसको उद्देश्य के हो भने विद्यमान वा स्थापित शक्ति संरचनालाई बचाइराख्ने, विपक्षी, विरोधी वा प्रतिपक्षी मूल्य र विचारहरूलाई बहिस्कार गर्ने नै हो।

यस्तो शक्ति प्रायः अदृश्य हुने भएकाले सामान्यतः यसलाई हलुका रूपमा लिइन्छ। फलस्वरूप त्यो स्वीकार्य बन्दै जान्छ र यसलाई चुनौती दिन वा प्रतिरोध गर्न मुस्किल पर्दै जान्छ। वर्चस्वलाई बुझ्नु भनेको समाजमा शक्ति वा सत्ताको सञ्चालन कसरी हुन्छ भनेर बुझ्नु र त्यही अनुसारको प्रतिरणनीति बनाउनु हो, जसबाट समाजका वर्चस्वशाली सांस्कृतिक मूल्य, विचार तथा विश्वासहरूलाई चुनौती दिन सकिन्छ।

**वर्चस्वको टकराब**

नयाँ मिडियाको प्रभावसँगै यसमार्फत वर्चस्व स्थापित गर्न शक्ति राष्ट्रका बीच नयाँ सङ्घर्ष सुरु भएको छ। यसमा राजनीतिसँगै व्यापार सङ्घर्ष समेत जोडिएको छ। अमेरिकाले चिनियाँ कम्पनी टिकटकमाथि प्रतिबन्ध लगाउनुको एउटा कारण अमेरिकी कम्पनी अल्फाबेट, मेटा र स्न्यापको प्रोत्साहन गर्नु भएको अमेरिकाबाट प्रकाशित हुने फोर्ब्स पत्रिकाले जनाएको छ।

टिकटकमाथि प्रतिबन्ध लगाउँदा अमेरिकाका यी तीन कम्पनीहरूले आफ्नो बजार प्रभाव बढाउने विश्लेषण गरिएको छ। टिकटकलाई पाखा लगाएपछि अल्फाबेट, मेटा र स्पटलाइटको माउ कम्पनी स्न्यापको शेयर बढ्ने अनुमान गरिएको थियो। तर, प्रतिबन्ध लगाए पनि सबैभन्दा लोकप्रिय सामाजिक सञ्जालका रूपमा त्यहाँ टिकटक नै स्थापित छ। यहाँ स्मरणीय छ, नेपालमा टिकटकमाथिको प्रतिवन्ध शक्ति राष्ट्रको प्रभाव र दबाबकै परिणाम हो।

**वर्चस्वविरुद्ध के गर्ने ?**

सीमान्तकृत समुदायका आवाजहरूको प्रवर्द्धनका लागि सूचना तथा ज्ञानमा पहुँच, त्यस पक्षधरहरूको सञ्जाल वा सङ्गठन निर्माण तथा

> २१औं शताब्दीको पहिलो दशकदेखि समाजवादीहरुले पनि यसमार्फत आफ्ना सिद्धान्त, राजनीति, इतिहास, संस्कृति आदिबारे प्रचार, छलफल गर्न जोड दिँदै आएका छन्। तर, हामी के कुरामा स्पष्ट हुनुपर्छ भने स्मार्ट फोन र सामाजिक मिडियाले समाजवादी, प्रगतिशील सामग्री उत्पादन गर्ने होइनन्, सामाजिक एवम् प्रगतिशील सोच राख्ने सचेत मान्छेले नै त्यो उत्पादन गर्ने हो।

नेटवर्किङ र सामाजिक परिवर्तनको वकालत नै नयाँ मिडियालाई पुँजीवादी वर्चस्वविरुद्ध खडा गराइराख्ने अस्त्र हो। त्यसमार्फत समाज, अर्थतन्त्र, पूर्वाधार र विकास जस्ता जनपक्षीय उपलब्धिहरूको प्रचारप्रसार गर्ने, जनपक्षीय शक्तिको सशक्त तथा विश्वसनीय छवि निर्माणका लागि सन्देश प्रवाहमा नियमितता तथा एकरूपता कायम गर्ने, जनसमुदायका सरोकार, गुनासा र समस्या सुन्न, बुझ्न तथा प्रभावकारी ढङ्गले सम्बोधन गर्न नतिजाउन्मुख वातावरण सिर्जना गर्ने, जनसम्बन्ध निर्माण तथा सुधार गर्ने। सन्देशहरू सिर्जना गर्दा कथा वाचन शैली प्रयोग गर्ने ताकि उक्त कुराले पाठक, श्रोता, दर्शक वा जनसमुदायको भित्री भावना जागृत गर्न सकोस्। त्यो भनेको तथ्य, प्रमाण, उदाहरण तथा सन्दर्भहरूसहित आफ्ना कुरालाई पुष्टि गर्नु हो।

पढ्नेहरू घटेका छन् र पढ्ने तरिका पनि फेरिएको छ। त्यसैले सकभर सकारात्मक शैली र भाषा प्रयोग गर्ने, छलफल वा बहसलाई नतिजाउन्मुख बनाउन कोसिस गर्ने। परम्परागत मिडिया, इन्टरनेटमा आधारित सञ्चार, सोसल मिडिया र व्यक्तिगत तथा सामूहिक सञ्चारले प्रस्तुत गर्ने सामग्री तथा समुदायमा हुने स-साना कार्यक्रमका सकारात्मक कुरालाई जनसमक्ष पुऱ्याउन लागिपर्ने। आलोचनाहरूबाट भाग्ने होइन त्यसलाई रचनात्मक रूपमा सम्बोधन गर्ने। जहाँ आलोचना हुन्छ, त्यहाँ अरुलाई सहमत गराउने अवसर पनि प्राप्त हुन्छ, उक्त अवसरको सही उपयोग गर्दा स्वयको परिपक्वता पुष्टि हुन्छ।

जनसमुदायको तल्लो हिस्सासम्म पुग्ने गरी सन्देशहरूमा विविधता ल्याउने, स्थानीय कमिटीका पहल र उपलब्धि के छन् ? त्यसकारण जीवनमा परिवर्तन आएका व्यक्तिहरू को छन् ? उनीहरूको कथा लिपिबद्ध गर्ने, भिडियो बनाउने। सञ्चारमा पारदर्शिताको महत्व मुख्य हुन्छ। यसर्थ, नीति, निर्णय प्रक्रिया र भावी योजनाहरूका सन्दर्भमा पारदर्शिता अपनाउने, ताकि जनसमक्षमा विश्वास वृद्धि गर्न सकियोस्। जनपक्षीय दर्शन र सिद्धान्तका बारेमा आन्तरिक कमिटीलाई मात्र नभएर जनतालाई पनि शिक्षित, प्रशिक्षित गरिरहने। त्यसका लागि छोटा भिडियोहरू, आकर्षक पोस्टरहरू प्रवाह गर्ने।

सोसल मिडियाहरूमा लेख्दा, बोल्दा वा प्रतिक्रिया दिँदा सकारात्मक रूपमा प्रस्तुत हुने। गालीगलौज र धम्कीले व्यक्ति तथा कमिटीको छविमा झन् नकारात्मक असर परिरहेको हुनसक्छ। सामाजिक एकता र समावेशिता प्रवर्द्धन हुने गरी सञ्चार सामग्रीहरू निर्माण गर्ने, भाषाको प्रयोगमा पनि समावेशी हुने। निश्चित जाति, लिङ्ग वा समुदायलाई होच्याउने खालका भाषा तथा शब्द प्रयोग नगर्ने र संविधानले बन्देज गरेका कुराहरूमा सम्वेदनशीलता अपाउने।

समकालीन विश्वपरिवेश, क्षेत्रीय, राष्ट्रिय तथा स्थानीय मुद्दाहरू, जनपक्षीय संस्थागत नीति, कार्यक्रम र रणनीतिहरूबारे जनसमुदायलाई नियमित प्रशिक्षित गर्ने। विपक्षी/विरोधीका कमजोरीहरूबारे जनसमुदायलाई जानकारी दिने र त्यहीअनुसारको मनोविज्ञान निर्माण गरी त्यसलाई जनहितका पक्षमा सदुपयोग गर्ने। यसलाई नागरिकमुखी पत्रकारिता पनि भन्न सकिन्छ।

**के हो नागरिकमुखी पत्रकारिता ?**

वेबसाइट, ब्लग र सामाजिक सञ्जालहरू प्रयोग गरेर जनताले जनतालाई नै सूचित गर्ने अभ्यास नागरिक पत्रकारिता हो। यसको व्यवस्थित जग दक्षिण कोरियाबाट निर्माण भएको हो। सन् २००० देखि यस माध्यमले फड्को मार्दै आएको छ।

दक्षिण कोरियाका अनलाइन उद्यमी ओह येओन-होको नेतृत्व टिमले 'सबै नागरिक रिपोर्टर'को अवधारणा ल्याएको हो। त्यसमा स्वयंसेवकहरू नै प्रयोग गरिए। अहिले विश्वभरि इन्टरनेटले लाखौं समाचार साइट र ब्लगहरू जन्माएको छ, जसलाई सहभागी पत्रकारिता भनिएको छ। इन्टरनेटमार्फत हुने शोषण अन्त्यका लागि पनि हामीले सहभागितामूलक नागरिक पत्रकारितालाई स्थापित गर्नु जरुरी छ।

जाने श्रीखण्ड र नजाने खुर्पाको बिँड भने जस्तै हो यो सामाजिक मिडिया। यसलाई सही ढङ्गले प्रयोग नगर्दा भने यसले उल्टो नोक्सानी गर्नेछ। उल्टो शोषण गर्नेछ। इन्टरनेटमा आधारित सोसल नेटवर्किङ साइटहरूले युजर (प्रयोगकर्ता) लाई निःशुल्क काममा लगाउँछन् र युजर जेनेरेटेड कन्टेन्ट (प्रयोगकर्ताले उत्पादन गर्ने सामग्री) का आधारमा पैसा कमाउँछन्। अल्गोरिदम र आर्टिफिसियल इन्टेलिजेन्समार्फत प्रयोगकर्ताका एक-एक गतिविधिमा नजर राख्छन् र प्रयोगकर्ताको व्यवहारका आधारमा विज्ञापन देखाएर कमाउँछन्। जति बढी भिजिटर, उति विज्ञापन, जति विज्ञापन, उति नाफा, जति नाफा, उति शोषण।

हामी सोसल मिडियामा फोटो हालेर रमाउँछौँ, उता ठूला टेक कम्पनीहरू मालामाल हुन्छन्। यता हामी निराश हुन्छौँ र केही लेख्छौँ, उता ठूला टेक कम्पनीहरू मालामाल हुन्छन्। यसलाई सही रूपमा प्रयोग गरियो भने वा उत्पीडित वर्ग र समुदायको पक्षमा नागरिक पत्रकारिता गरियो भने टेक कम्पनीहरुको आधुनिक शोषणको माखेसाङ्लो तोड्न मद्दत पुग्नेछ।

**समाजवादी यात्राको माध्यम**

सामाजिक सञ्जालको सही प्रयोगले समाजवादी आधार निर्माणमा महत्वपूर्ण भूमिका खेल्न सक्छ। जसरी आजको विश्वमा पुँजीवादको शोषण जारी राख्न तथा फासिवादी विचार सही हो भन्न उनीहरु सफल छन्। सामाजिक सञ्जालले विचारहरूको आदानप्रदान गर्न तथा राजनीतिक र सामाजिक आन्दोलन निर्माणका लागि सङ्गठन, संजाल र व्यापक जनसमुदायसँग संवाद स्थापना गर्ने क्षमता राख्दछ।

समाजवादको आधार निर्माणका लागि सांस्कृतिक रूपान्तरण र समाजवादी संस्कृतिको दिशाबोध आधारभूत कुरा हो। फेरि यो स्वतःफुर्त हुँदैन। समाजवादी विचारधारा र संस्कृति निर्माणको पक्षमा सम्पूर्ण जनपक्षीय पार्टी, सङ्गठन र मोर्चाहरूले सचेततापूर्वक पहल बढाउनुपर्छ। तर, यो सजिलो चाहिँ छैन। यसविरुद्ध उत्तिकै प्रहार आउन सक्छन्। समाजवादी सञ्चार (पत्रकारिता) गर्ने ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादी कार्ल मार्क्सलाई समेत अमेरिकासहित पश्चिमा शासकहरुले भीड उत्तेजित गर्ने अराजक पत्रकार (चबददभि-चयगकष्लन वयगचलबष्कित) को संज्ञा दिएको सन्दर्भ यहाँ स्मरणीय छ। तर, स्वतन्त्र मस्तिक र साहसबाट मात्रै नयाँ-नयाँ आविस्कार गर्न सकिन्छ भन्ने कुरा मार्क्सले स्थापित गरेरै छाडे।

सन् १९९० को दशकपछि इन्टरनेट व्यापारिक हिसाबले प्रयोगमा आएसँगै यो प्लेटफर्म बोल्ने, हेर्ने र सुन्ने प्रभावकारी सञ्चारका रूपमा देखियो। २१औं शताब्दीको पहिलो दशकदेखि समाजवादीहरूले पनि यसमार्फत आफ्ना सिद्धान्त, राजनीति, इतिहास, संस्कृति आदिबारे प्रचार, छलफल गर्न जोड दिँदै आएका छन्। तर, हामी के कुरामा स्पष्ट हुनुपर्छ भने स्मार्ट फोन र सामाजिक मिडियाले समाजवादी, प्रगतिशील सामग्री उत्पादन गर्ने होइनन्, सामाजिक एवम् प्रगतिशील सोच राख्ने सचेत मान्छेले नै त्यो उत्पादन गर्ने हो।

साम्राज्यवाद, पुँजीवाद र यथास्थितिवाद विरुद्धको सङ्घर्षमा सडक र संस्थागत प्रतिरोध मात्र पर्याप्त हुँदैन। सँगसँगै सामाजिक मिडिया प्लेटफर्मको अधिकतम उपयोग गरिनु पर्छ। धेरै श्रमिक वर्गहरु अझै इन्टरनेटबाट वञ्चित छन्। तर, नयाँ मिडिया मार्फतका प्रस्तुतिहरूलाई उनीहरूको बीचमा समेत पुऱ्याउने मिहिन वैचारिक प्रयत्न हुनु जरुरी छ।रातोपाटी

# ज्ञानमणि नेपालः इतिहास लेखन विधाका अग्रज व्यक्तित्व



प्राडा तीर्थप्रसाद मिश्र

विक्रम संवत् २०८१ जेठ १ गते मध्याह्नमा नेपालको इतिहासका एक सशक्त लेखक जसले इतिहासलाई कथ्यमा होइन तथ्यबाट नै लेखनमा आफ्नो जीवन अर्पण गर्नुभएको थियो। उहाँ हुनुहुन्थ्यो, साहित्यका अविश्रान्त सर्जक, निष्ठाका सगरमाथा, स्वाभिमानी, निर्भिक, मानवताका सरल पात्र ज्ञानमणि नेपाल। यस्ता बहुआयामिक प्रतिभाको अवसानले इतिहास लेखन विधामा अपुरणीय क्षति भएको छ। तथापि उहाँ नेपाली इतिहासका अध्यता एवं अनुसन्धानकर्ताका मार्गदर्शन बनेर रहिरहनु हुनेछ। यस अर्थमा उहाँको भौतिक शरीर हामीमाझ नभए पनि जीवन्त स्मृति हामी सबैको मानसपटलबाट कहिल्यै हराउने छैन। अतः उहाँका अजरामर कृतिहरूको स्मरण गर्दै उहाँप्रति श्रद्धाञ्जलि व्यक्त गर्नु यो आलेखको उद्देश्य रहेको छ।

विसं १९८९ माघ १७ गते वसन्त पञ्चमीका दिन पूर्व ४ नम्बर भोजपुरमा ज्ञानमणि नेपालजीको जन्म भएको थियो। वसन्त पञ्चमीका दिन जन्मिएका यी बालक कालन्तरमा सरस्वतीका साधकका रूपमा स्थापित हुनु गजबकै संयोग मान्नुपर्छ। उहाँ घरमा नै प्रारम्भिक शिक्षा लिई २००४ सालमा अध्ययनको सिलसिलामा काठमाडौं आइपुग्नुभएको थियो र उहाँले पण्डित नयराज पन्तले स्थापना गर्नुभएको गुरुकुल रोज्नुभएको थियो। यद्यपि त्यसबेला अरू नै नाम चलेका पाठशाला वा स्कुलमा अध्ययन गर्नेको बाहुल्य रहेको थियो। तर, उहाँको यसै रोजाइले नामको ज्ञानमणिलाई वास्तवमै ज्ञानका मणि बनायो। उहाँको नाम सार्थक हुन गयो।

त्यतिबेला पं नयराजको गुरुकुलमा कडा अनुशासन थियो। शिक्षार्थीले दैनिक १० घण्टा अध्ययनमा बिताउनु पर्थ्यो। खाने र थोरै सुत्नेबाहेक गुरुकुलमा पढाइ नै पढाइ थियो। जुन कुरा उहाँकै मेरो गुरुकुलीय शिक्षा र सहपाठी ग्रन्थमा उल्लेख छ। पण्डित नयराज पन्तको गुरुकुल त्यस्तो विद्यालय थियो जहाँबाट कुनै औपचारिक शैक्षिक उपाधि प्राप्त नगरे पनि शिक्षार्थी अब्बल विद्वान हुन्थे। विसं २००४ देखि २०१२ सम्म आठ वर्षको अध्ययनबाट ज्ञानमणिजीलाई आजीवन स्वाध्यायी अनुसन्धानकर्ता र नेपालको इतिहासका विविध विषयमा अनुसन्धान गर्न ऊर्जा प्राप्त भयो।

विसं २०१२ सालमा संशोधन मण्डलबाट बाहिर आई जन्मथलो पुग्नुभयो र गुरुकुल स्थापना गरी पठनपाठनमा संलग्न हुनुभयो, तर तत्कालीन राजनीतिले गर्दा उक्त विद्यालय लामो समयसम्म टिक्न सकेन। घर व्यवहारमा पनि ध्यान दिनुपर्ने र अध्ययनलाई पनि निरन्तरता दिनुपर्ने अवस्थामा उहाँ अनुसन्धानको उपयुक्त वातावरण खोज्दै पुनः काठमाडौं आउनुभयो। र, यहीं उहाँले अन्तिम श्वास फेर्नुभयो। काठमाडौं आएपछि त्रिभुवन विश्वविद्यालयको नेपाल र एसियाली अनुसन्धान केन्द्र तथा कालान्तरमा प्रज्ञा-प्रतिष्ठानमा संलग्न नेपालजीको रामकहानी उहाँकै कृतिमा उल्लेख छ।

प्रारम्भिककालमा नेपालको इतिहास लेखन विधामा विदेशी लेखकहरूकै बाहुल्य रहँदै आएको देखिन्छ। विसं २००७ पछि भने नेपाली विद्वान्हरूले पनि नेपालको इतिहासका विविध पक्षमा कलम चलाउन थालेका हुन्। सूर्यविक्रम ज्ञवाली, बाबुराम आचार्य, पं नयराज पन्त, डिल्लीरमण रेग्मी, बालचन्द्र शर्मा आदिले नेपालको इतिहासकार विविध पक्षमा विभिन्न कृतिहरू प्रकाशन गर्नुभयो। नेपालको प्रामाणिक इतिहास प्रकाशमा ल्याउन स्वदेशी ऐतिहासिक स्रोतहरूको अन्वेषण गरी सोही आधारमा इतिहास लेख्ने र पूर्वप्रकाशित कृतिमा देखिएका त्रुटिलाई संशोधन गर्ने समेत उद्देश्य राखेर गुरु पण्डित नयराज पन्तद्वारा २००९ सालमा संशोधन मण्डल स्थापना भएको थियो। यिनै महामानव पन्त गुरुद्वारा दीक्षित हुनुभएका मूर्धन्य व्यक्तिहरूमध्ये एक हुनुहुन्थ्यो, ज्ञानमणि नेपाल।

धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्त जस्ता विशिष्ट इतिहास एवम् संस्कृतिविद्हरू सोही संस्थाका उपज हुनुहुन्छ। सहपाठीहरूसित मिलेर नेपालले कौटलीय अर्थशास्त्रको ऐतिहासिक व्याख्या (भाग १ र २), इतिहास संशोधन (भाग १ देखि ५), ऐतिहासिक पत्रसङ्ग्रह र जयरत्नाकर नाटक जस्ता कृतिहरू प्रकाशित गर्नुभएको थियो। यी सबै ग्रन्थहरू अनुसन्धानमूलक र विश्लेषणात्मक छन्। यी कृतिमा सङ्ग्रह गरिएका सामग्रीहरू नेपालको इतिहासको अध्ययन, अनुसन्धान र अध्यापनका लागि आधिकारिक स्रोत सामग्री हुन पुगेका छन्।

> नेपालको इतिहास लेखन विधा प्रारम्भिक र चरणमा भएकामा उहाँले इतिहासलेखन विधालाई नयाँ आयाम दिनुभएको थियो। उहाँले नेपालको इतिहासका कतिपय अप्रकाशित तथ्य उजागर गरी कैयौं ऐतिहासिक दस्तावेजसमेत प्रकाशन गर्नुभयो। उहाँले लेख्नुभएका कृति र लेखहरू अनुसन्धानकर्ताका लागि असल खुराक बन्न पुगेका छन्। नेपाल भोट चीनको सम्बन्धको कूटनैतिक इतिहास लेखनका क्रममा यस पंक्तिकारले पनि उल्लेख्य सहयोग र सल्लाह पाएको थियो। उहाँको सङ्ग्रहमा अझै पनि असंख्यक ऐतिहासिक सामग्री एवं प्रकाशोन्मुख कृति होलान्। तिनको समुचित व्यवस्थापन र प्रकाशनमा हामी सबैले ध्यान दिएमा नै उहाँप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ।

संशोधन मण्डलबाट बिदा भएर घरव्यवहार यताउता गर्दै २०२७ सालमा काठमाडौं आई केही अनुसन्धानत्मक संस्थासँग जोडिई विभिन्न अनुसन्धान परियोजनाहरू सञ्चालन गर्नुभएको थियो। महिरावण वध नाटक विवेचनात्मक अध्ययन त्रिभुवन विश्वविद्यालयको नेपाल र एसियाली अनुसन्धान केन्द्रबाट प्रकाशित भएको थियो। नेपाल-चीन-तिब्बत सम्बन्ध विषयक अनुसन्धान कार्य पनि सोही अनुसन्धान केन्द्रबाट सम्पन्न गर्नुभएको थियो। नेपालको परराष्ट्र मन्त्रालय अभिलेखालय (जैसी कोठा) मा रहेका सामग्री अध्ययन र टिपोट गर्ने अवसर पाउने थोरै विद्वान्हरूमा उहाँ पनि एक हुनुहुन्थ्यो। उक्त सामग्री केही समयका लागि मात्र अध्ययन अनुसन्धानका लागि खुल्ला गरिएको थियो। २०४६ सालको परिवर्तनपछि ती अमूल्य ऐतिहासिक दस्तावेज केकस्तो अवस्था छन् आधिकारिक सूचना उपलब्ध छैन। तिनै सामग्री उपयोग गरी लेखिएका अनुसन्धनात्मक कृतिहरू हुन्, नेपाल-भोट-चीन सम्बन्धका केही सांस्कृतिक पक्ष तथा नेपाल र चीन तिब्बत सम्बन्ध। नेपाल-भोट-चीन सम्बन्धमा नेपालमा उपलब्ध अभिलेखालयका स्रोतहरू अत्यधिक उपयोग गर्ने अग्रणी अनुसन्धानकर्ता ज्ञानमणि नेपाल नै हुनुहुन्थ्यो।

नेपालका विविध पक्षको इतिहास समेटिएको नेपाल निरुक्त उहाँको अर्को अनुसन्धानात्मक तथा विश्लेषणात्मक ग्रन्थ हो। पृथ्वीनारायण शाहको अवसानपछि जङ्गबहादुर कुँवर राणाको उदयसम्मको षड्यन्त्रकारी राजनीतिको इतिहास हो, नेपालको महाभारत। नेपालमा षड्यन्त्रकारी राजनीति देखापर्नाका कारणहरू र यसबाट परेका अल्पकालीन र दीर्घकालीन असरहरूको वस्तुनिष्ठ मूल्याङ्कन यस ग्रन्थमा गरिएको छ। नेपाल सुखीम सम्बन्ध उहाँको अर्को महत्वपूर्ण ग्रन्थ हो। नेपाल र सिक्किमको सम्बन्धको ऐतिहासिकता, दुवैको सम्बन्धमा आएका गतिरोध, सङ्घर्ष र सम्झौताका प्रसङ्ग यस कृतिका प्रमुख विशेषता हुन्। यी त भए इतिहासकार ज्ञानमणि नेपालका उल्लेखनीय केही प्रकाशनहरू। यसका अतिरिक्त नेपालका ख्यातिप्राप्त पत्रपत्रिका तथा जर्नलहरूमा उहाँका सयभन्दा बढी अनुसन्धानात्मक लेखहरू प्रकाशित भएका देखिन्छन्। यहाँ त केवल उहाँलाई स्मरण गर्ने सन्दर्भमा उहाँका केही कृतिहरूको समेत स्मरण गर्न खोजिएको हो।

नेपालको इतिहासलेखन विधामा ज्ञानमणि नेपालको आफ्नै विशिष्ट पहिचान छ। उहाँद्वारा लिखित प्रायः सबै प्रकाशनहरू प्राथमिक स्रोतमा आधारित छन्। उहाँले स्वदेशमा रहेका पुरातात्विक, साहित्यिक एवम् सरकारी कागजपत्रहरूको उपयोग यथेष्ट मात्रामा गर्नुभएको छ। यसैगरी पूर्वमध्यकालको इतिहास, मेरो गुरुकुलीय शिक्षा र सहपाठी, नेपालको माध्यमिक कालको इतिहास, अतीतका स्मृति र अनुभूति जस्ता इतिहासका अनुसन्धानमुलक ग्रन्थ प्रकाशन गरी नेपालको इतिहासको क्षितिज फराकिलो बनाउनुभयो। इतिहास र साहित्यमा कलम चलाउनु हुने ज्ञानमणिजीका पुराना कविता, वनका फूल, संगीतलहरी, किष्किन्धा काण्ड तथा पुण्य शिक्षा जस्ता साहित्यिक कृति पनि पाठकहरूले उपहार पाएका छन्। उहाँले प्रज्ञा प्रतिष्ठानको प्राज्ञ हुँदा पनि इतिहास र साहित्यको उन्नयनका लागि सार्थक प्रयास गर्नुभएको थियो।

यी कृति तथा उहाँका लेखहरूमा पूर्वप्रकाशित ग्रन्थहरूमा देखिएका कमीकमजोरीलाई इङ्गित गर्दै सत्यतथ्य घटना उजागर गर्ने प्रयास भएको छ। यो सराहनीय कार्य मानिन्छ। कतिपय ऐतिहासिक प्रसङ्गमा उहाँले नवीनतम् अवधारणा समेत प्रस्तुत गर्नुभएको छ। आवश्यकताभन्दा बढी वर्णनात्मक हुनु, पूर्वप्रकाशित ग्रन्थलाई यथोचित स्थान नदिनु, विदेशी विद्वान्हरूद्वारा लेखिएका ग्रन्थलाई खासै ध्यान नदिनु तथा इतिहास लेखन विधाका स्थापित मान्यतालाई पूर्णतः अङ्गीकार नगर्नु जस्ता केही सीमा उहाँको लेखनमा रहने चर्चा यदाकदा गर्ने गरिन्छ। तर, ती सबै सामान्य प्रकृतिका सीमा हुन्। सीमा कसमा हुँदैन र कुन कृतिमा रहँदैन ? यस्ता सीमाले उहाँको उज्जवल योगदानमा ओझेल पार्ने छैनन्। भन्नैपर्छ, नेपालको इतिहास लेखन विधाका एक सशक्त हस्ताक्षर हुनुहुन्थ्यो, ज्ञानमणि नेपाल। उहाँ भविष्यका इतिहासकारका लागि मार्गदर्शक र प्रेरणाका स्रोत रहनुभएको तथ्यलाई पनि स्वीकार गर्नै पर्दछ।

नेपालको इतिहास लेखन विधा प्रारम्भिक र चरणमा भएकामा उहाँले इतिहासलेखन विधालाई नयाँ आयाम दिनुभएको थियो। उहाँले नेपालको इतिहासका कतिपय अप्रकाशित तथ्य उजागर गरी कैयौं ऐतिहासिक दस्तावेजसमेत प्रकाशन गर्नुभयो। उहाँले लेख्नुभएका कृति र लेखहरू अनुसन्धानकर्ताका लागि असल खुराक बन्न पुगेका छन्। नेपाल भोट चीनको सम्बन्धको कूटनैतिक इतिहास लेखनका क्रममा यस पंक्तिकारले पनि उल्लेख्य सहयोग र सल्लाह पाएको थियो। उहाँको सङ्ग्रहमा अझै पनि असंख्यक ऐतिहासिक सामग्री एवं प्रकाशोन्मुख कृति होलान्। तिनको समुचित व्यवस्थापन र प्रकाशनमा हामी सबैले ध्यान दिएमा नै उहाँप्रति सच्चा श्रद्धाञ्जलि हुनेछ। नेपालको इतिहासमा ज्ञानमणि नेपाल सदैव स्थापित भई भविष्यका इतिहासकार हरूका लागि मार्गदर्शक भइरहनु हुनेछ। नेपालको इतिहास लेखन विधाका सारथि ज्ञानमणिजीप्रति श्रद्धासुमन व्यक्त गर्दछु। अस्तु ! (लेखक इतिहासविद् हुनुहुन्छ)

# प्रधानमन्त्रीसँग विभिन्न देशका व्यक्तित्वहरुको शिष्टाचार भेट



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग बहुपक्षीय प्राविधिक एवं आर्थिक सहयोगका लागि बङ्गालको खाडीको प्रयास (बिम्स्टेक) का महासचिव इन्द्रमणि पाण्डेले शिष्टाचार भेट गर्नुभएको छ ।

सिंहदरबारमा मंगलबार भएको भेटमा उहाँहरूबीच जलवायु परिवर्तनको असर एवं बिम्स्टेक मुलुकबीच हुने सहकार्यका विविध विषयमा छलफल भएको छ । सो अवसरमा प्रधानमन्त्री दाहालले बिम्स्टेकले क्षेत्रीय आर्थिक सहकार्यलाई बढवा दिँदै आएको उल्लेख गर्दै सदस्य राष्ट्रबीचको सहकार्यलाई थप प्रभावकारी तुल्याउनुपर्नेमा जोड दिनुभयो। उहाँले यस क्षेत्रमा जलवायु परिवर्तनले पारेको असरका विषयमा पनि छलफल चलाउनुपर्ने बताउनुभयो। महासचिव पाण्डेले बिम्स्टेक सदस्य मुलुकको हैसियतमा नेपालले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै आगामी दिनमा नेपालको भूमिका अझै प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो ।

**भुटानका कृषिमन्त्रीको शिष्टाचार भेट**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग नेपाल भ्रमणमा रहनुभएका भुटानका कृषि तथा पशुपंक्षीमन्त्री ल्योन्पो योन्टेन फिन्टक्शोले शिष्टाचार भेट गर्नुभएको छ ।

सिंहदरबारमा मंगलबार भएको भेटमा उहाँहरूबीच जलवायु परिवर्तनको असर एवं द्विपक्षीय सम्बन्धका विविध विषयमा छलफल भएको छ । सो अवसरमा प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनको असरबाट नेपाल-भुटान दुवै प्रभावित भएको उल्लेख गर्दै हिमाली देशलाई परेको असरका सम्बन्धमा सहकार्य गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले 'हिमाल, जनता तथा जलवायु परिवर्तन'का विषयमा अन्तर्राष्ट्रिय विज्ञहरूबीच हुने विचारविमर्शले दुवै देशलाई फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

भुटानका मन्त्री ल्योन्पोले पर्वतीय देशका मुद्दाहरूमा नेपालले लिएको नेतृत्वदायी भूमिका सराहनीय रहेको उल्लेख गर्दै आगामी दिनमा यस्ता मुद्दालाई थप सशक्त बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले भुटान र नेपाल दुवै देशलाई फाइदा पुग्ने गरी नेपालले लिएको नेतृत्वदायी प्रशंसा गर्नुभयो ।

**'युएन एफसिसी एसबिएसटिए' का अध्यक्षको शिष्टाचार भेट**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' सँग संयुक्त राष्ट्रसङ्घको जलवायुसम्बन्धी एजेन्सी 'युएन एफसिसी एसबिएसटिए'का अध्यक्ष ह्यारी भिरेउले शिष्टाचार भेटवार्ता गर्नुभएको छ। सिंहदरबारमा मंगलबार भएको भेटमा उहाँहरूबीच जलवायु परिवर्तनले निम्त्याएका असर एवं यस मुद्दामा नेपालले गर्दै आएको नेतृत्वदायी भूमिकालगायतका विषयमा छलफल भएको छ ।

सो अवसरमा प्रधानमन्त्री दाहालले जलवायु परिवर्तनका कारण नेपालमा परेको असर न्यूनीकरण गर्नका लागि जलवायु कोषबाट नेपालले पर्याप्त लाभ पाउनुपर्ने बताउनुभयो । उहाँले जलवायु परिवर्तनको असर कम गर्नका लागि योजनाबद्ध एवं संस्थागत तवरले अगाडि बढ्नुपर्नेमा जोड दिँदै त्यसका लागि युएन एफसिसीको सहयोग आवश्यक छ भन्नुभयो । भेटवार्तामा अध्यक्ष ह्यारीले हिमाल र पर्वतीय मुलुकका मुद्दामा नेपालले नेतृत्वदायी भूमिका निर्वाह गरेको उल्लेख गर्दै नेपालको सक्रियप्रति खुसी व्यक्त गर्नुभयो। उहाँले जलवायुसम्बन्धी विश्व सम्मेलनमा नेपालले निर्वाह गरेको महत्वपूर्ण भूमिकालाई धन्यवाद व्यक्त गर्नुभयो ।

**बङ्गलादेशकावातावरणमन्त्रीको शिष्टाचार भेट**

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग बङ्गलादेशका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री साबेर हुसेन चौधरीले शिष्टाचार भेट गर्नुभएको छ। सिंहदरबारमा मंगलबार भएको उक्त भेटमा उहाँहरूबीच विद्युत् व्यापार, जलवायु परिवर्तन एवं द्विपक्षीय आपसी हितका विविध विषयमा छलफल भएको थियो ।

सो अवसरमा प्रधानमन्त्री दाहालले नेपाल-बङ्गलादेशबीच हुने विद्युत् व्यापार गर्न आवश्यक पर्ने प्रक्रिया पूरा हुने अवस्थामा रहेको र छिट्टै दुई देशबीच व्यापार सुरु हुने विश्वास व्यक्त गर्नुभयो । आगामी दिनमा विद्युत् व्यापार क्षेत्रीय स्तरमै सहजरूपमा अगाडि बढ्ने विश्वास व्यक्त गर्दै उहाँले त्यसका लागि आवश्यक नियमन एवं भौतिक संरचना तयार हुँदै गएकामा खुसी व्यक्त गर्नुभयो ।प्रधानमन्त्री दाहालले नेपाल र बङ्गलादेश दुवैले जलवायु परिवर्तनको असर व्यहोर्नुपरेको उल्लेख गर्दै यस्ता साझा मुद्दामा दुवै देशले सहकार्य गरेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

बङ्गलादेशका मन्त्री चौधरीले नेपाल-बङ्गलादेशबीच ऊर्जा सहकार्य अगाडि बढेको उल्लेख गर्दै ऊर्जा व्यापारबाट दुवै देश लाभ लिन सक्ने अवस्थामा पुगेका बताउनुभयो । उहाँले प्रधानमन्त्री दाहाललाई नेपाल-बङ्गलादेशबीच हुने ऊर्जा व्यापारका सबै तयारी पूरा भएको जानकारी गराउनुभयो।

मन्त्री चौधरी नेपालले आयोजना गरेको 'हिमाल, जनता तथा जलवायु परिवर्तन' सम्बन्धी अन्तर्राष्ट्रिय विज्ञ संवादमा भाग लिन नेपाल आउनुभएको हो । उक्त भेटमा प्रधानमन्त्रीका परराष्ट्र सल्लाहकार डा रुपक सापकोटा, प्रधानमन्त्रीका जलवायु तथा वातावरण सल्लाहकार डा पपुलर जेन्टलसहित वन तथा वातावरण मन्त्रालय र परराष्ट्र मन्त्रालयका उच्च अधिकारीको उपस्थिति रहेको थियो । रासस

# समानीकरण अनुदान कटौती हुँदैन : प्रधानमन्त्री

**प्रधानमन्त्री दाहालले भन्नुभयो, समानीकरण अनुदान प्रदेश र स्थानीय सरकारको संवैधानिक अधिकार हो ।**



काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले प्रदेश र स्थानीय सरकारलाई उपलब्ध हुँदै आएको समानीकरण अनुदान कटौती नहुने बताउनुभएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा नगरपालिका महासङ्घ र गाउँपालिका महासङ्घका प्रतिनिधिहरूले संयुक्त रुपमा मंगलबार गर्नुभएको भेटमा प्रधानमन्त्रीले उक्त कुरा बताउनुभएको हो ।

भेटमा प्रधानमन्त्रीले समानीकरण अनुदान संवैधानिक अधिकार भएकाले यसलाई कटौती गर्नेबारे सङ्घीय सरकारले कुनै सोच नराखेको बताउनुभयो। प्रधानमन्त्री दाहालले भन्नुभयो, "समानीकरण अनुदान प्रदेश र स्थानीय सरकारको संवैधानिक अधिकार हो । अर्थतन्त्रको दबाब पूरै हटिसकेको छैन । तर, जस्तोसुकै दबाब भए पनि समानीकरण अनुदान काटिँदैन । यसमा सङ्घीय सरकार प्रष्ट छ ।"

छलफलमा अर्थमन्त्री वर्षमान पुनले समानीकरण अनुदान कटौती गर्ने कुनै सोच नभएकाले अनावश्यक भ्रममा नपर्न स्थानीय जनप्रतिनिधिहरूलाई आग्रह गर्नुभयो। उहाँले भन्नुभयो, "सङ्घीय सरकार अर्थतन्त्रको दबाबमा छ । सञ्चित कोष ऋणात्मक नै छ। तर, जस्तोसुकै अप्ठ्यारो परिस्थिति आए पनि समानीकरण अनुदान काट्दैनौं । बरु, प्रदेश र स्थानीय सरकारमा खर्बौं रकम निक्षेपमा बसेको छ। त्यसलाई खर्च गर्नुस् । प्रदेश र स्थानीय सरकारको पुँजीगत खर्च बढाउनुस् ।"

भेटमा दुबै महासङ्घका प्रतिनिधिहरूले अर्थतन्त्रको दबाबलाई ख्याल गर्दै समपूरक अनुदानमा पुनर्विचार गर्नेबारे आफूहरू लचक भएको बताउँदै समानीकरण अनुदान कटौती नगर्न ध्यानाकर्षण गराएका थिए ।रासस

# प्रधानमन्त्री रोजगार कार्यक्रम जनशक्ति उत्पादनमा केन्द्रित : मन्त्री अर्याल



काभ्रेपलाञ्चोक । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद (डीपी) अर्यालले प्रधानमन्त्री रोजगार कार्यक्रम बजारको माग र आवश्यकका आधारमा जनशक्ति उत्पादनमा केन्द्रित रहेको बताउनुभएको छ । काभ्रेपलाञ्चोकको पनौती नगरपालिकामा आज आयोजित स्थानीय रोजगार केन्द्र तथा दिगो कार्यका लागि परामर्शदाता विषयक छलफल कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले उक्त कार्यक्रमलाई निरन्तरता दिई आउँदो आर्थिक वर्षमा थप उत्साहपूर्वकरुपमा कार्यक्रम सञ्चालन हुने जानकारी दिनुभयो ।

"प्रधानमन्त्री रोजगार कार्यक्रमको मोडालिटी परिवर्तन हुनसक्छ, हामी भइरहेका कामबाट सिक्दै थप प्रभावकारी बनाउन मोडालिटी परिमार्जन लागेका छौँ", मन्त्री अर्यालले भन्नुभयो । उहाँले प्रम रोजगार कार्यक्रम केन्द्रीय, प्रदेश र स्थानीय तीनै तहका सरकारको साझा कार्यक्रम भएको बताउनुभयो । उहाँले भन्नुभयो, "यो साझा कार्यक्रमअन्तर्गत न्यूनतम रोजगारीमा सहभागी हुन जाहने नागरिकलाई उनीहरुको इच्छा अनुसारको काममा छनोट गर्न दिई लगाउनुपर्छ ।"

मन्त्री अर्यालले देशमा उपलब्ध स्रोत साधनको पूर्णरुपमा उपयोग गरी भएका स्रोतलाई त्यसै खेर फालेर नयाँको खोजीमा मात्रै लाग्दा उपलब्धि प्राप्तिमा कठिनाइ हुने बताउनुभयो । स्थानीय तहका सरकारलाई उहाँले आग्रह गर्नुभयो, "सीप-रोजगारसँग जोडिएका कार्यक्रमको बारे प्रचारप्रसार गरेर अधिकतम सहभागितामा ध्यान दिनुहोस् ।" कार्यक्रमअन्तर्गत कतिमा स्वरोजगार सिर्जना भयो भन्नेबारे तथ्याङ्क राख्नसमेत उहाँले रोजगार सेवा केन्द्रलाई आग्रह गर्नुभएको छ ।

कार्यक्रममा नगर प्रमुख रामशरण भण्डारीले स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने कार्यक्रम सोचेअनुसार हुन नसकेको दुःखेसो पोख्दै प्रधानमन्त्री रोजगार कार्यक्रमलाई स्वरोजगारमुखी बनाउन सके निरन्तरता पाउने बताउनुभयो । उहाँले वर्षमा कम्तीमा सय दिन रोजगारी दिनुपर्ने भए पनि ५३ दिनभन्दा बढी रोजगारी बताउनुभयो ।

सो अवसरमा नगर उपप्रमुख गीता बञ्जारा, बनेपा नगर उपप्रमुख विमला सापकोटा, पनौती उद्योग वाणिज्य सङ्घका अध्यक्ष भोला थापालगायतले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई परिमार्जित गरी फरक ढङ्गबाट सञ्चालन गर स्वरोजगारमूलक बनाउनुपर्नेमा जोड दिनुभएको थियो ।रासस

# प्रमुख प्रतिपक्षको मागलाई पेलेर अघि बढ्न खोजेका छैनौँ : मन्त्री गिरी

काठमाण्डु । कानुन न्याय तथा संसदीय मामिलामन्त्री पदम गिरीले प्रमुख प्रतिपक्षको विरोधका बाबजुत सरकारले सङ्घीय संसद्मा बलमिच्याइँ नगरेको स्पष्ट गर्नुभएको छ । प्रतिनिधिसभाको मंगलबारको बैठकपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै उहाँले संसद्को अधिवेशन सुरु भएको पहिलो दिनमा नै पेस गर्नुपर्ने अध्यादेशसमेत पेस गर्न नदिइ पछि धकेलिनुको कारण प्रमुख प्रतिपक्ष नेपाली कांग्रेस भएको जिकिर गर्नुभयो ।

"प्रमुख प्रतिपक्षले जुन विषय उठाएर निरन्तर विरोध गरिरहेको छ, उसले उठाएको विषय सम्बोधन गर्न सरकार तयार भएकै हो तर हामी प्रमुख प्रतिपक्षको मागलाई पेलेर अघि बढ्न खोजेका छैनौँ", उहाँले भन्नुभयो, "सरकारले बलमिच्याइँ गरेको छैन । आज बिहान पनि सहमतिका निम्ति धेरै हदसम्म प्रयास गरेका छौँ । धेरै कोणबाट छलफल भएको छ, हामी सहमतिको नजिक पनि पुगेका छौँ । प्रतिपक्षलाई पेलेर जाने सरकारको सोच छैन ।"

कांग्रेसका नेता एवं सांसदले भने सरकारले सहकारी रकम हिनामिना प्रकरणको छानबिनका लागि संसदीय छानबिन समिति बनाउने मागलाई पेलेर जाने नीति लिएको आरोप लगाउनुभयो । बैठकपछि कांग्रेसका नेता एवं पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले प्रतिपक्षको आवाजलाई सरकारले सुन्न नसकेको बताउनुभयो । सोही पार्टीका अर्का सांसद डा आरजु राणाले प्रमुख प्रतिपक्षको मागप्रति सरकार गम्भीर नभएको गुनासो गर्नुभयो । उहाँले भन्नुभयो, "सहकारी पीडितको रकम हिनामिनाको पक्षमा छानबिन होस् र निष्कर्षमा लगौं भन्नु सदनको काम हो । सरकार अझ बढी गम्भीर हुन आवश्यक छ ।"

कांग्रेसका सहमहासमन्त्री एवं सांसद बद्री पाण्डेयले सरकारले व्यवस्था र संविधानमाथि नै प्रश्न उठने गरी काम गरेको आरोप लगाउँदै आफ्ना माग पूरा नभएसम्म थप प्रतिरोध कामय राख्ने बताउनुभयो । "विचार र सिद्धान्तको द्वन्द्वात्मक थलो हो सदन तर यसलाई बाहुबलको थलो बनाउने । बल प्रयोग गर्ने कुराले लोकतन्त्रको मूलभूत मूल्यमान्यतामाथि प्रहार गरेको छ", उहाँले भन्नुभयो, "यसले लोकतन्त्र र संविधानमाथि नै प्रशन चिह्न लगाउने गरी सङ्घीय प्रणालीमा धावा बोल्ने सत्तापक्षबाट भएको काम भर्त्सनायोग्य छ । यसको हामी आगामी दिनमा थप प्रतिरोध गरेर जानेछौं ।"

कांग्रेसका सांसद कल्पना चौधरीले सदनमा सत्तापक्षबाट बल प्रयोग भएको आरोप लगाउनुभयो । "बैठकमा मर्यादापालकको सङ्ख्या बढाएर, हामीलाई प्रहार गरियो । जनताको न्यायका लागि अघि बढ्दा दबाउने काम भएको छ", उहाँले भन्नुभयो ।

**संसदीय छानबिन समिति बनाउन सरकार तयार : सचिव भट्टराई**



नेकपा (एमाले) का सचिव योगेश भट्टराईले संसदीय छानबिन समिति बनाउन सरकार तयार रहेको र प्रमुख प्रतिपक्ष दल कांग्रेससँग पनि छिट्टै सहमति जुटने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)कासांसद माधव सापकोटाले सांसदको गतिरोध शोभनीय नभएको बताउनुभयो । उहाँले सरकार संयमित, लचिलो र मध्यमार्गका लागि धैर्यता गरिरहेको तर प्रमुख प्रतिपक्षले मुठभेडमा लगेको आरोप लगाउनुभयो । सैद्धान्तिकरुपमा छानबिन समिति बनाउन सरकार पक्षका दलहरु तयार भएको भन्दै संसद् गतिरोध आवश्यक नभएको उहाँको भनाइ थियो। "संसद्मा जेजस्ता गतिविधि र क्रियाकलाप भइरहेका छन, त्यो शोभनीय छैन । यो चाहे प्रमुख प्रतिपक्ष होस् वा सरकार पक्ष कसैको हितमा छैन", उहाँले भन्नुभयो ।रासस

# राजदूत भोल्कबाट सीपमेलाको स्थलगत अवलोकन

काठमाण्डु । नेपालका लागि अष्ट्रेलियाकी राजदूत फेलिसिटी भोल्कले काठमाडौं महानगरपालिकाको आयोजनामा टुँडिखेलमा जारी 'सीप मेला, २०८१' को मंगलबार स्थलगत अवलोकन गर्नुभएको छ ।

अवलोकनका क्रममा राजदूत भोल्कले तालिमको पाठ्यक्रम, सिकाइ प्रक्रिया, श्रम बजारसँगको सम्बन्ध, साझेदारी र यसपछि सञ्चालन हुने क्रियाकलापका विषयमा जिज्ञासा राख्नुभएको थियो । राजदूत भोल्कलाई महानगरका उपप्रमुख सुनिता डङ्गोलले सीप मेला सबैलाई समान अवसर प्रदान गर्ने तथा व्यावसायिक पेसाको क्षमता विकासको कार्यक्रम भएको बताउनुभएको थियो । तालिम लिएकालाई रोजगारी दिन वा स्वरोजगार बनाउनका लागि अन्तिम दुई दिन रोजगार मेलाको आयोजना गर्ने उहाँको भनाइ थियो ।

उपप्रमुख डङ्गोलले भन्नुभयो, "तालिममा सञ्चालन गरिएको प्रयोगात्मक कक्षामा सहभागीले फलामको घर निर्माण गरिसक्नुभएको छ, इँटा प्रयोग गरी भवनको जग निर्माण गरिसक्नुभएको छ, टायल र मार्बल प्रयोग गरी संरचना निर्माण गर्नुभएको छ, यो तालिमको प्रभाव हो ।"

कामपाको प्रमुख प्रशासकीय अधिकृत प्रदीप परियारले बेरोजगारलाई श्रम बजार र रोजगारीसँग जोड्नु नै मेलाको उद्देश्य भएको बताउनुभयो । "तालिम लिनका लागि स्थानीय, फोहर प्रभावित क्षेत्रका व्यक्ति र महिलालाई प्रोत्साहित गरेका छौँ", उहाँले भन्नुभयो ।

नेपाल तालिम तथा रोजगार व्यवसायी महासङ्घसँगको सहकार्यमा गत वैशाख १९ गतेदेखि सुरु 'सीप मेला २०८१' कामपाको गौरव योजनाअन्तर्गत रहेको छ । 'रोजगारी र आयमा वृद्धि, काठमाडौंको समृद्धि' नाराका साथ सुरु मेलामा १० क्षेत्रका ३६ पेसासम्बन्धी तालिम प्रदान गर्ने लक्ष्य लिइएको छ । मेलामा १८ देखि ५८ वर्ष उमेर समूहका व्यक्ति सहभागी छन् ।रासस


**Mithila Bihari Municipality**

**Office of the Municipal Executive**

**Tarapatti, Dhanusha, Madhesh Province (Nepal)**

**Invitation for Electronic Bids**

**First Date ofPublication:9thJestha, 2081(22/05/2024)**

1. Mithila Bihari Municipality, Office of the Municipal Executive,Tarapatti, Dhanusha invites electronic bid from the eligible and qualified registered bidders for the procurement of following works under National Competitive Bidding (NCB), name and Contract identification number are mentioned below though the details are in the bidding document.

| S. N. | Contract Identification No. | Description of Works | Estimated Amount Including all Taxes and Contingencies | Bid Document Fees NRs. | Bid Security Amount | Bid Submission Deadline | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | 01/01/2080-81/ NCBW/MBM | Ma. Vi. Laliya ko Adhuro Bhawan Nirman, Ward No.5 | 3998359.17 | 3000/- | 111000.00 | 7thAsadh,2081 (12:00 Hours) | 7thAsadh,2081 (14:00 Hours) |

2. For further information please refer to PPMO's website http://bolpatra.gov.np/egp. Any amendment innotice or biddocument will be posted in noticeof this office or PPMO's website.

**Chief Administrative Officer**

# राष्ट्रपति रायसीको अन्त्येष्टि समारोह सुरु

एएनआई

तेहरान ।हेलिकप्टर दुर्घटनामा मारिएका दिवंगत इरानी राष्ट्रपति इब्राहिम रायसीको अन्त्येष्टि समारोह मङ्गलबारदेखि सुरु भएको छ । राज्य सञ्चालित नेटवर्क प्रेस टिभीको फुटेजमा हेलिकप्टर दुर्घटनास्थल उत्तरपश्चिमी सहर तब्रिजमा राष्ट्रपति रायसी र उहाँको साथीहरूको अन्त्यष्टी जुलुसमा सहभागी हुनेको ठूलो भीड रहेको देखाइएको छ।



राष्ट्रपति रायसीको अन्त्येष्टि मे २३ मा देशको उत्तरपूर्वी सहर मशहादमा हुने उपराष्ट्रपति मोहसेन मन्सुरीले घोषणा गर्नुभयो। इमाम रेजाको समाधिमा बिहीबार साँझ अन्तिम संस्कार गरिने उहाँले बताउनुभयो । मुख्य तीर्थस्थलमध्ये एक इमाम रेजा राष्ट्रपति रायसीको गृहनगर मशहदमा अवस्थित छ। मृतकका शव पवित्र सहर कोमको पवित्र तीर्थस्थलबाट जमकरन मस्जिदमा पठाइनेछ, त्यसपछि राजधानी तेहरान लगिनेछ।

तेहरानको ग्रान्ड मोसल्लाह मस्जिदमा बुधबार ठूला समारोह आयोजना गरिएको छ। त्यसपछि राष्ट्रपति रायसीको पार्थिव शरीरलाई मशहदको ऐतिहासिक इमाम रेजा मन्दिरमा सारिनेछ जहाँ इरानका सर्वोच्च नेता आयातोल्लाह खमेनीले प्रार्थना गर्नुहुनेछ । खमेनीले सोमबार पाँच दिनको शोकको घोषणा गर्नुभएको हो र देशभरका कार्यालय बन्द गरी सार्वजनिक बिदाको घोषणा गरिएको छ।

इरानले जुन २८ मा राष्ट्रपति रायसीको उत्तराधिकारीका रूपमा नयाँ राष्ट्रपति चयन गर्ने सरकारी मिडियाले जनाएको छ। न्यायपालिका, सरकार र संसदका प्रमुखको बैठकको निर्णयले राष्ट्रपति रायसीको उत्तराधिकारी चयनका लागि मतदान गर्ने निर्णय गरेको हो। उम्मेदवारी दर्ता मे ३० देखी जुन ३ सम्म हुने र चुनावी अभियान अवधि जुन १२ देखि २७ सम्म हुने राज्य सञ्चालित समाचार एजेन्सी इरनाले मङ्गलबार जानकारी गराएको छ।

> मे १९ मा उत्तरपश्चिमी इरानको दुर्गम क्षेत्रमा हेलिकप्टर दुर्घटना हुँदा ६३ वर्षीया राष्ट्रपति रायसी, विदेश मन्त्री हुसेन अमिराबदोल्लाहियान र अन्य सात जनाको मृत्यु भएको थियो ।

साथै, हेलिकप्टर दुर्घटनाको अनुसन्धान सुरु भएको छ । इरानी सशस्त्र बलका चिफ अफ स्टाफ मेजर जनरल मोहम्मद बघेरीले मुद्दाको अनुसन्धान गर्न उच्चस्तरीय प्रतिनिधिमण्डल नियुक्त गरेको सरकारी मिडियाले जनाएको छ । ब्रिगेडियर अली अब्दुल्लाहीको नेतृत्वमा प्रतिनिधिमण्डललाई घटनास्थलमा पठाइएको, अनुसन्धान सुरु भइसकेको र मिसन पूरा भएपछि अनुसन्धानको नतिजा घोषणा गरिने इरनाले जनाएको छ।

इरानको संविधानअनुसार सर्वोच्च नेता आयातोल्लाह खामेनीले इरानका प्रथम उपराष्ट्रपति मोहम्मद मोखबरलाई देशको कार्यवाहक राष्ट्रपतिको रूपमा नियुक्त गर्नुभएको छ । मे १९ मा उत्तरपश्चिमी इरानको दुर्गम क्षेत्रमा हेलिकप्टर दुर्घटना हुँदा ६३ वर्षीया राष्ट्रपति रायसी, विदेश मन्त्री हुसेन अमिराबदोल्लाहियान र अन्य सात जनाको मृत्यु भएको थियो। इरानमा सन् २०२५ मा राष्ट्रपतीय निर्वाचन हुने तय भएको थियो। उपराष्ट्रपति मोहम्मद मोखबरलाई अन्तरिम जिम्मेवारीमा नियुक्त गरिएको छ र इरानकोमन्त्रिपरिषद्लेउपविदेशमन्त्री अली बघेरी कानीलाई कार्यवाहक विदेशमन्त्रीको रूपमा नियुक्त गरेको छ।

# रुसमा हाइपरसोनिक वैज्ञानिकलाई देशद्रोहको आरोपमा १४ वर्षको कारागार सजाय

एएफपी

मस्को ।रुसको एक अदालतले मङ्गलबार ७७ वर्षीय एक वैज्ञानिकलाई देशद्रोहको आरोपमा १४ वर्षको कारागार सजाय सुनाएको छ। उहाँमाथि जर्मनीसँग रुसको हाइपरसोनिक क्षेप्यास्त्र कार्यक्रमसम्बन्धी गोप्य डाटा साझा गरेको आरोप लगाइएको थियो। हालैका वर्षहरूमा हाइपरसोनिक्समा अनुसन्धानमा संलग्न धेरै प्रमुख वैज्ञानिकहरू मुलुकको गोप्य कुरा विदेशी मुलुकलाई साझा गरेको आरोपमा पक्राउ परेका छन् र कारागार पुगेका छन्।

सेन्ट पिटसबर्गको एक अदालतले भौतिक वैज्ञानिक अनातोली मास्लोभलाई देशद्रोहको दोषी पाएको र १४ वर्षको कारागार सजाय सुनाएको सहरका अदालतको प्रेस सेवाले सामाजिक सञ्जालमा एक पोस्टमा बताएको छ। अदालतले मुद्दालाई 'अति गोपनीय' श्रेणीमा राखिएकाले मुद्दाको सुनुवाइ बन्द सत्रमा गरिएको बताएको छ। तथापि रुसी मिडिया आउटलेटहरूले मास्लोभमाथि रुसको हाइपरसोनिक क्षेप्यास्त्र कार्यक्रमसँग सम्बन्धित गोप्य डाटा जर्मन गुप्तचरलाई दिएको आरोप लगाइएको बताएका छन्। मास्लोभले गत साता सजाय सुनाउनुअघि अदालती सुनुवाइमा आरोपहरूलाई अस्वीकार गर्नुभएको थियो।

"उहाँले आफूले कुनै पनि गल्ती वा गैरकानूनी काम नगरेको बताउनुभयो, आफ्नो जीवन परिवार र घरेलु विज्ञानका लागि समर्पित गरेको बताउनुभयो, कथित जानकारी हस्तान्तरण नगरेको र यो कुनै राजकीय गोप्य नभएको बताउनुभयो", मास्लोभका वकिललाई उद्धृत गर्दै सरकारी टिएएसएस समाचार एजेन्सीले भनेको छ।

सन् २०२२ जुनमा पक्राउ पर्नुभएका मास्लोभ हाइपरसोनिक्समा अनुसन्धानमा विशेषज्ञ हुनुहुन्छ। हाइपरसोनिक्स रुसको उन्नत क्षेप्यास्त्र कार्यक्रमका लागि महत्त्वपूर्ण अनुप्रयोगहरू भएको सैद्धान्तिक क्षेत्र हो। उहाँ रुसको विज्ञान एकेडेमीको साइबेरिया शाखाको सैद्धान्तिक तथा एप्लाइड मेकानिक्स इन्स्टिच्युटमा मुख्य शोधकर्ता हुनुहुन्थ्यो।

मास्लोभले काम गर्नुभएको नोभोसिबिर्स्कका प्रमुखसहित कम्तीमा तीन अन्य वैज्ञानिकलाई सन् २०२२ देखि देशद्रोहको विभिन्न आरोपमा पक्राउ गरिएको छ। मङ्गलबार अदालतभित्रको भिडियोमा ट्यान ज्याकेट, गुलाबी सर्ट र जिन्स लगाउनुभएका मास्लोभ प्रतिवादीहरूका लागि काँचको कठघरामा उभिनुभएको थियो। उहाँका वकिलहरूले लामो कारागार सजाय अनिवार्यरूपमा मृत्युदण्डको सजाय भएको बताउनुभयो।

वकिलहरूले कोमर्सेन्ट दैनिकलाई यस वर्षको प्रारम्भमा पूर्व-परीक्षण हिरासतमा मास्लोभलाई हृदयाघात भएको र उहाँले आफूलाई उपलब्ध गराइएको कमजोर चिकित्सा हेरचाहको गुनासो गर्नुभएको बताउनुभयो।उहाँहरूले मास्लोभविरुद्ध प्रयोग गरिएका धेरै प्रमाणमा पहुँच नभएका कारण देशद्रोह र जासुसी मामिलामा रुसी अभियोजक तथा न्यायाधीशरूको साझा दृष्टिकोणसहित यसलाई शीर्ष गोप्यरूपमा वर्गीकृत गरिएको बताउनुभयो।

# स्नुकर प्रतियोगिता जेठ १९ गतेदेखि



काठमाण्डु । नेपाल विलियर्डस स्नुकर तथा पुल सङ्घको आयोजनामा पहिलो काठमाडौँ स्नुकर च्याम्पियनसिप-२०२४ को आयोजना हुने भएको छ। यही जेठ १९ देखि २९ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा विभिन्न १६ क्लबका दुई सय ५६ जना खेलाडीले प्रतिस्पर्धा गर्ने आयोजक समितिका अध्यक्ष सरोजकुमार मुलमीले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिनुभयो। उहाँले नेपालमा स्नुकर खेलको विकास र विस्तारका लागि उक्त प्रतियोगिताको आयोजना गर्न लागेको बताउनुभयो।

प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने खेलाडीले रु दुई लाख ५१ हजार प्राप्त गर्नेछन्। त्यसैगरी पहिलो रनरअप खेलाडीले रु एक लाख पाउने छन् भने सेमिफाइनमा पुग्ने खेलाडीले रु ५० हजार पाउने छन्। त्यसैगरी क्वाटर फाइनलमा पुग्ने खेलाडीले रु १० हजार तथा प्रि क्वाटर फाइनलमा पुग्ने खेलाडीले रु पाँच हजार पाउने छन्।

प्रतियोगितामा उत्कृष्ट खेलाडी चयन हुने खेलाडी र उत्कृष्ट राइजिङ खेलाडीले जनही रु १५ हजार पाउने छन्। रासस

# ओलम्पिक छनोटका लागि नेपाली बक्सिङ टोली बैङ्कक

काठमाण्डु। बक्सिङको दोस्रो ओलम्पिक छनोट प्रतियोगितामा सहभागी हुन तीन खेलाडीसहित चार सदस्यीय नेपाली टोली भोलि थाइल्यान्डको बैंकक प्रस्थान गर्ने भएको छ।

यही जेठ ११ देखि २१ गतेसम्म हुने प्रतियोगितामा दुई पुरुष र एक महिला खेलाडीले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। पुरुष ५१ केजीमा चन्द्रबहादुर थापा र ६३ दशमलव पाँच केजीमा प्रकाश इजम लिम्बूले प्रतिस्पर्धा गर्नेछन्। त्यसैगरी, महिला ५४ केजीमा अन्जनी तेलीले खेल्नेछिन्। प्रशिक्षकमा प्रकाश थापा मगर छन्।



नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टङ्कलाल घिसिङ, नेपाल बक्सिङ महासङ्घका अध्यक्ष राम अवालेलगायतले मंगलबार आयोजित एक कार्यक्रममा सफलताको शुभकामना दिँदै टोलीको बिदाइ गर्नुभयो । सदस्यसचिव घिसिङले खेलाडीलाई उच्च मनोबलका साथ प्रदर्शन गर्न आग्रह गर्नुभयो ।रासस

# अधिकांश स्कटले भने– 'हाम्रो कुनै धर्म छैन'

एएफपी

लन्डन। मङ्गलबार प्रकाशित पछिल्लो जनगणनाको विवरणअनुसार स्कटल्यान्डमा अधिकांश मानिसले उनीहरूको कुनै धर्म नभएको बताएका छन्। यो बेलायतको कुनै पनि मुलुकका लागि पहिलो हो।

सन् २०२२ को जनगणनामा आधाभन्दा धेरै (५१ दशमलव एक प्रतिशत) उत्तरदाताले उनीहरूको 'कुनै धर्म नभएको' जवाफ दिएको स्कटल्यान्डको नेसनल रेकर्ड्सले बताएको छ। सन् २०११ को जनगणनामा यस्तो उत्तर दिने ३६ दशमलव सात प्रतिशत थिए । इङ्गल्यान्ड र वेल्समा 'कुनै धर्म छैन' भन्ने दोस्रो सबैभन्दा सामान्य प्रतिक्रिया थियो। यो सन् २०११ को जनगणनामा चारमध्ये एक (२५ दशमलव दुई प्रतिशत) बाट बढेर सन् २०२१ मा एक तिहाई (३७ दशमलव दुई प्रतिशत) भन्दा अधिक भएको छ।

उत्तरी आयरल्यान्डमा प्रतिक्रियामा थोरै वृद्धि देखिएको छ। यहाँ सन् २०११ मा १० दशमलव एक प्रतिशतबाट १० वर्षपछि १७ दशमलव चार प्रतिशत भएको छ । उक्त समयमा कोभिड प्रतिबन्धका कारण सन् २०२१ को संयुक्त अधिराज्यको जनगणनाका लागि स्कटल्यान्डमा तथ्याङ्क सङ्कलन एक वर्ष ढिलो भएको थियो। पछिल्लो तथ्याङ्कले स्कटल्यान्ड र फराकिलो संयुक्त अधिराज्य दुवैमा एकपटक प्रभुत्व जमाएका ईसाई सम्प्रदायहरूबीच बढ्दो धर्मनिरपेक्षता र घट्दो चर्चको उपस्थितिलाई प्रतिबिम्बित गर्दछ।




स्कटल्यान्डमा पाँचमध्ये एक (२० दशमलव चार प्रतिशत) ले आफूलाई स्कटल्यान्डको प्रोटेस्टेन्ट चर्चको हिस्सा ठान्थे । यो एक दशकअघिको मात्र एक तिहाईभन्दा कम थियो । रोमन क्याथोलिकको संख्या १५ दशमलव नौ प्रतिशतबाट घटेर १३ दशमलव तीन प्रतिशत भएको छ। 'अन्य ईसाई' श्रेणीहरूमा पनि यस्तै प्रकारको गिरावट आएको छ। यसको विपरीत आफूलाई मुस्लिम मान्नेहरूको संखया १० वर्षमा एक दशमलव ४५ प्रतिशतबाट बढेर दुई दशमलव दुई प्रतिशत भएको छ।

बेलायतको पछिल्लो जनगणनाले पहिलो पटक इङ्गल्यान्ड र वेल्सका आधाभन्दा कम जनसंख्याले आफूलाई 'ईसाई' भनी वर्णन गरेको बताएको छ । 'ईसाई' अहिले पनि सबैभन्दा साझा प्रतिक्रिया थियो तर एक दशकमा यो ५९ दशमलव तीन प्रतिशतबाट घटेर ४६ दशमलव दुई प्रतिशत भएको छ। यो भनेको तीन करोड ३३ लाखबाट घटेर दुई करोड ७५ लाख हुनु हो।

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार यस अवधिमा 'मुस्लिम' उत्तर दिने उत्तरदाताहरूको संख्या चार दशमलव नौ प्रतिशतले बढेर छ दशमलव पाँच प्रतिशत अर्थात २७ लाखबाट ३९ लाख भएको छ। सन् २०२१ मा उत्तरी आयरल्यान्डमा बस्ने क्याथोलिकहरूको संख्या पहिलो पटक प्रोटेस्टेन्ट र अन्य ईसाई सम्प्रदायहरूको कूल संख्याभन्दा धेरै भएको छ । ब्रिटिश-सञ्चालित प्रान्तलाई सन् १९२१ मा प्रोटेस्टेन्ट-बहुमत इन्क्लेभका रूपमा बनाइएको थियो।

# हामी कसैलाई पनि भारतको सुरक्षामा हानी गर्न दिनेछैनौँ : श्रीलङ्काका विदेशमन्त्री

एएनआई

कोलम्बो ।श्रीलङ्काका विदेशमन्त्री अली साब्रीले सोमबार भारतको राष्ट्रिय सुरक्षाको रक्षा गर्ने आफ्नो देशको प्रतिबद्धतालाई पुष्टि गर्दै एक जिम्मेवार छिमेकीको रूपमा कोलम्बोले कसैलाई पनि भारतको सुरक्षामा हानी गर्न नदिने बताउनुभएको छ।



"हामीले स्पष्ट रूपमा भनेका छौँ कि हामी सबै देशसँग सहकार्य गर्न चाहन्छौँ तर भारतीय सुरक्षासम्बन्धी कुनै पनि चिन्तालाई उचित ध्यानमा राखिनेछ र कसैलाई पनि हानी गर्न दिनेछैनौँ", मन्त्री साब्रीले भन्नुभयो।

"मलाई भर्खरै थाहा भयो कि चीन भारतको सबैभन्दा ठुलो व्यापारिक साझेदार बनेको छ त्यसैगरी हामी पनि सबैसँग काम गर्न चाहन्छौँ। म दोहोर्‍याउन चाहन्छु, एक जिम्मेवार छिमेकी र सभ्यताको साझेदारका रूपमा हामी भारतको वैध सुरक्षालाई हानी पुर्याउने कुनै पनि काम गर्दैनौँ", उहाँले थप बताउनुभयो। भारतमा चलिरहेको निर्वाचनको बारेमा सोधिएको प्रश्नमा मन्त्रीले यो अभ्यास लोकतन्त्रको उत्सव रहेको र श्रीलङ्काले चुनावको नतिजा जस्तोसुकै भए पनि भारतसँग मिलेर सहकार्य गर्ने बताउनुभयो। "यो लोकतन्त्रको उत्सव हो, विश्वको सबैभन्दा ठुलो लोकतन्त्र। भारतीय जनता शिक्षित छन्। मलाई लाग्छ चुनाव आन्तरिक कुरा हो । यो जनताले निर्णय गर्नुपर्छ । हामी यसको शान्तिपूर्ण निष्कर्ष चाहन्छौँ र भारतीय जनताको निर्णयलाई आत्मसाथ गरेर अगाडी बढ्नेछौँ", उहाँले भन्नुभयो।

गत वर्ष भारतले श्रीलङ्काको बन्दरगाहमा जहाजको डकिङमा आफ्नो सुरक्षा चिन्ता व्यक्त गरेको थियो।

"हाम्रो छिमेकीमा के हुन्छ, हाम्रो सुरक्षामा असर पार्ने कुनै पनि घटनाक्रम हाम्रो लागि चासोको विषय हो", जयशंकरले नवौं भारत-थाइल्यान्ड संयुक्त आयोगको बैठकपछि संयुक्त पत्रकार सम्मेलनमा भन्नुभयो।

# आइसिसीलाई प्रतिबन्ध गर्ने अमेरिकी सांसदको माग

एएनआई

वासिङ्टन डिसी ।संयुक्त राज्य अमेरिकाको सांसदहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालत (आईसीसी)लाई इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूको गिरफ्तारी आदेश जारी गरेमा प्रतिबन्ध लगाउने विचार गरिरहेको अमेरिकी सदनका अध्यक्ष माइक जोनसनले बताउनुभयो।

"ह्वाइट हाउस नेतृत्वको अनुपस्थितिमा काङ्ग्रेसले आइसिसीलाई यस्तो कदम चाले यसको नेतृत्वले परिणाम भोग्नुपर्ने सुनिश्चित गर्दै प्रतिबन्धसहित सबै सजायका विकल्पहरूको समीक्षा गरिरहेको छ", अमेरिकी सदनका अध्यक्षले सोमबार एक विज्ञप्तिमा भन्नुभयो। "आइसिसीको इजरायल वा संयुक्त राज्य अमेरिकामा कुनै अधिकार छैन, र आजको आधारहीन र अवैध निर्णयले विश्वव्यापी निन्दाको सामना गर्नुपर्नेछ", उहाँले थप भन्नुभयो।

आइसिसीका प्रमुख अभियोजक करिम एए खानले मे २० मा गाजामा हमासविरुद्ध इजरायलको सात महिना पुरानो युद्धका क्रममा मानवता विरुद्ध अपराधको आरोपमा प्रधानमन्त्री नेतान्याहु र इजरायली रक्षामन्त्री योव गालान्ट साथै हमासका तीन शीर्ष नेता-याह्या सिनवर, मोहम्मद देइफ र इस्माइल हानियाह विरुद्ध गिरफ्तारी आदेश आवेदन दायर गर्ने घोषणा गर्नुभएको थियो। रिपब्लिकन सांसदहरूले सोमबार आइसिसीलाई प्रतिबन्ध लगाउन संयुक्त राज्यलाई आह्वान गरे।

रिपब्लिकन सदन कन्फरेन्सकी अध्यक्ष एलिस स्टेफानिकले न्युयोर्क पोस्टलाई भन्नुभयो, "आइसिसी एउटा अवैध अदालत हो जसले कट्टरपन्थी आतङ्कवादी समूहसँग आफ्नो अस्तित्वको अधिकारको रक्षा गर्ने शान्तिपूर्ण राष्ट्रलाई फसाउने गर्दछ"। घोषणा पश्चात स्टेफानिकले सोमबार बिहान नेतान्याहुसँग भेट गर्नुभएको थियो। सदनका अल्पसंख्यक नेता हाकिम जेफ्रीजले एक विज्ञप्तिमा आइसिसीको आदेशलाई "लाजमर्दो र अनुचित" भन्नुभएको छ।

राज्य सचिव एन्टोनी ब्लिन्केनले इजरायल र हमास बीचको आइसिसी अभियोजक समानतालाई मौलिकरूपमा अस्वीकार गर्ने र यो घोषणाले बन्धक सम्झौता र युद्धविरामको वार्तासमेतलाई जोखिममा पार्न सक्नेमा जोड दिनुभयो। उहाँले संयुक्त राज्य अमेरिका वर्तमान द्वन्द्वभन्दा पहिले नै आइसिसीको यस मामिलामा कुनै क्षेत्राधिकार नभएकोमा स्पष्ट रहेको बताउनुभयो। ब्लिन्केनले भन्नुभयो, "आइसिसी अभियोजक आफैं अर्को हप्ता इजरायलको भ्रमण गर्ने र इजरायली सरकारबाट अनुसन्धानबारे छलफल गर्ने कार्यक्रम तय गरिएको थियो।"

घोषणाप्रति आफ्नो प्रतिक्रियामा, इजरायली प्रधानमन्त्री नेतान्याहूले भन्नुभयो, "हेगमा अभियोजकले दिएको बेतुक र झुटो आदेश इजरायलका प्रधानमन्त्री र रक्षामन्त्रीका विरुद्ध मात्र नभई सम्पूर्ण इजरायल राज्यको विरुद्धमा निर्देशित छ। "यो आईडीएफका सैनिक विरुद्ध निर्देशित छ, जो हमासविरुद्ध वीरताका साथ लडिरहेका छन्", टाइम्स अफ इजरायलमा रिपोर्ट गरिएको भिडियो बयानमा उहाँले भन्नुभयो।

# इजरायल-हामास वार्ता पुन: सुरु गर्न राष्ट्रसंघीयका दूतको आह्वान

सिह्वा

राष्ट्रसङ्घ । मध्यपूर्व शान्ति प्रक्रियाका लागि संयुक्त राष्ट्रसङ्घीय विशेष संयोजक टोर वेन्नेसल्यान्डले इजरायल र हमासबीच पुन : वार्तासुरु गर्न आह्वान गर्नुभएको छ। सबै पक्षलाई वार्ताका प्रयास दोब्बर बनाई तुरुन्तै सद्भावका साथ टेबलमा फर्कनु वेन्नेसल्यान्डले संयुक्त राष्ट्र सुरक्षा परिषद्मार्फत आग्रह गर्नुभयो । तुरुन्तै वार्ता पुनःसुरु नभए राफाहका सङ्कटग्रस्त र निरिह नागरिकका लागि, दुई सय २५ दिनभन्दा बढी अकल्पनीय अवस्थाका बन्धक तथा गाजा पट्टीकिनारको विस्तारित मानवीय कारबाहीका लागि सबैभन्दा खराबीको डर रहेको उहाँले बताउनुभएको छ।

दुई हप्ताअघि इजिप्ट, कतार र अमेरिकाको समर्थनमा मे-९ मा कायरोमा भएको वार्ता सहमति बिनै समाप्त भएको उहाँले उल्लेख गर्नुभयो। "गाजाका सबै बन्धकको सुरक्षित रिहाइ गर्न सम्बन्धित पक्षबिचको वार्ता र नागरिकलाई आवश्यक राहत प्रदान गर्न युद्धबिरामको बिचमा गाजामा अर्को बिनाशको सामना गर्नुपरेको उहाँको भनाइ छ। यसैक्रममा वेन्नेसल्यान्डले मध्यस्थकर्तालाई राष्ट्रङ्घको पूर्णसमर्थन रहेको बताउदै इजरायल र हमासबीचको सम्झौता कार्यान्वयन समर्थन गर्ने आफ्नो इच्छालाई दोहोर्‍याउनुभयो।

मे पहिलो हप्तादेखि, राफाह लगायत वरपर इजरायली सैन्य कारबाही र युद्धाभ्यास तीव्र भएपछि राफाहमा सुरक्षा अवस्था बिग्रँदै गएको वेन्नेसल्यान्डले उल्लेख गर्नुभएको छ। रासस

# पर्यटन प्रबर्द्धनका लागि अन्नपूर्ण म्याराथन

पोखरा 'पर्यटनका लागि सबै मौसम' भन्ने मूल नाराका साथ २०७५ सालदेखि सुरू गरिएको अन्नपूर्ण म्याराथनको चौँथो संस्करण आगामी जेठ २१ गते गर्ने गरी तयारी तीव्र पारिएको छ।

अन्नपूर्ण सेञ्चुरी पर्यटन समितिको आयोजना तथा अन्नपूर्ण गाउँपालिका कास्कीको व्यवस्थापनमा अन्नपूर्ण आरोहण दिवस (जुन ३) का दिन म्याराथन गर्न लागिएको अन्नपूर्ण सेन्चुरी पर्यटन समितिका अध्यक्ष एवम् म्याराथन मूलआयोजक समितिका संयोजक ललित गुरुङले जानकारी दिनुभयो । म्याराथन अन्तर्गत धावकहरु अन्नपूर्ण आधार शिविरबाट घान्द्रुकसम्म कूल ४२ दशमलव १९५ किलोमिटर दूरीमा दौडने छन् ।




"अन्नपूर्ण आधार शिविरको पूर्वाधार विकाससँगै पर्यटन प्रबर्द्धनका लागि सुरू गरिएको म्याराथनलाई यस वर्ष पनि निरन्तरता दिन लागिएको हो", उहाँले भन्नुभयो, "म्याराथनले अन्नपूर्ण आधार शिविरसहित यहाँको समग्र पर्यटन प्रबर्द्धनमा विशिष्ट योगदान पुऱ्याएको छ।"

सन् १९५० जुन ३ तारिखका दिन फ्रान्सेली पर्वतारोही मौरिस हर्जोगको टोलीले अन्नपूर्ण प्रथम हिमालको सफल आरोहणसँगै विश्वमा हिमाल आरोहणको क्रम सुरु भएकाले अन्नपूर्ण हिमाललाई आरोहणको जेठो हिमालका रुपमा समेत लिइन्छ।

मौरिस हर्जोगको टालीले जुन ३ अन्नपूर्ण प्रथमको आरोहण गरेकै कारण यस दिनलाई अन्नपूर्ण आरोहण दिवस (अन्नपूर्ण डे) का रुपमा मनाउने गरिएको छ। यही दिवसका अवसरमा सुरु गरिएको अन्नपूर्ण म्याराथनको ऐतिहासिक गरिमा र महत्व विशिष्ट रहेको संयोजक गुरुङले बताउनुभयो।

विसं २०७५ देखि सुरु गरिएको म्याराथनबीचका दुई संस्करण कोभिड- १९ का कारण हुन नसकेकोमा गत वर्षदेखि यसलाई पुनः निरन्तरता दिइएको अध्यक्ष गुरूङले जानकारी दिनुभयो । म्याराथनमा सहभागी धावक अन्नपूर्ण आधारशिविरबाट माछापुच्छे आधारशिविर, बगर, देउराली, हिमालय, दोभान, सिनुवा, भनुवा, छोम्रोङ, तउलु, घुर्जुङ, चुईंले, कोम्रोङडाँडा, किम्रोङखोला, उरी हुँदै घान्द्रुकसम्म आउने गरी मार्ग तय गरिएको समितिका महासचिव दिलीप गुरूङले जानकारी दिनुभयो।

म्याराथनको पहिलो, दोस्रो र तेस्रो संस्करणको उपाधि क्रमशः त्रिभुवन आर्मीका हरिकुमार रिमाल, डोटीका खगेन्द्रबहादुर भाट र जुम्लाका धीरबहादुर बुढाले जित्नुभएको थियो । तेस्रो संस्करणदेखि महिलातर्फ पनि म्याराथन आयोजना गरिएकोमा महिलातर्फको उपाधि गणना भण्डारीले जित्नुभएको थियो।

महिला तथा पुरुष दुबैतर्फका लागि हुने म्याराथनमा पहिलो, दोस्रो र तेस्रो हुनेलाई क्रमश नगद रु एक लाख ५० हजार, रु एक लाख र ७५ हजार नगदका साथमा मेडल तथा प्रमाणपत्र प्रदान गरिने महासचिव गुरुङले जानकारी दिनुभयो।

विदेशी धावकका लागि प्रोत्साहन पुरस्कारस्वरुप विशेष पुरस्कारको व्यवस्था गरिएको छ। पुरुषतर्फ दर्ता शुल्क रु सात हजार र महिलातर्फ पाँच हजार तोकिएको छ।

म्याराथनमा सहभागिताका लागि अनलाइनमार्फत दर्ता प्रक्रिया सुरु भइसकेको जानकारी दिँदै महसचिव गुरुङले यस संस्करणमा ७० जनाभन्दा बढी धावक सहभागी हुने बताउनुभयो। उहाँका अनुसार हालसम्म छ जना विदेशी धावकले सहभागिता हुने जानकारी गराएका छन्।

म्याराथनलाई अन्तर्राष्ट्रिय इभेन्टका रुपमा विकास गर्न गतवर्षदेखि अल्टिमेट एड्भन्चर नेपालले प्राविधिक सहयोग, अन्नपूर्ण गाउँपालिकाको व्यवस्थापन एवम् अन्नपूर्ण समाज काठमाडौँको सहकार्य रहेको छ।

म्याराथनमा नेपाल पर्यटन बोर्ड, घान्द्रुक पर्यटन व्यवस्थापन समिति, छोम्रोङ पर्यटन व्यवस्थापन समिति, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप), राष्ट्रिय प्रकृति संरक्षण कोष, टाँडापानी पर्यटन व्यवस्थापन समिति, मुल्डे भ्यू-पार्क व्यवस्थापन समिति, खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद, भूपू खेलाडी मञ्च, नेपाल एड्भेन्चर रनिङ महास्ङ्घ, सिआइडब्लुईसी क्लिनिकसहितका अन्य पर्यटनसँग सम्बन्धित सङ्घसंस्थाले सहयोग गर्ने जनाइएको छ ।म्याराथनका लागि ४२ सदस्यीय मूल व्यवस्थापन समिति, १३ वटा विभिन्न उपसमिति तथा सल्लाहकार समिति गठन गरिएको गुरुङले बताउनुभयो ।रासस

## स्थानीय उत्पादन बेच्न छ घण्टा पैदलयात्रा

वेदकोट। पिठ्यूँको ढोको घरायसी समानले भरिभराउ छ। बाल्टिन र पानी भरिएका केही बोतल त्यसमै छन्। अत्यधिक गर्मीले असिनपसिन। ४९ वर्षीया कृष्णा जोशी कञ्चनपुरको वेदकोट नगरपालिका-८ स्थित रौटेलामा यस्तै अवस्थामा भेटिनुभयो।

उहाँ डडेल्धुराको परशुराम नगरपालिका-७ मलासबाट कुलुम र अम्रिसोको झाडु बिक्रीका लागि उहाँ महेन्द्रनगर झर्नुभएको हो। उक्त सामान बिक्री गरेर जम्मा भएको रकमले दैनिक उपभोग्य घरायसी समान किनेर घर फर्किने उहाँको योजना छ। "कुलुम र झाडु बिक्री गरेर रु दुई हजार कमाइयो। त्यो पैसाले नुन, तेल, सोडा, साबुन किनेर घर फर्किँदै छु", उहाँ भन्नुहुन्छ, "गाउँमा खानेपानीको सुविधा छैन। पानी ल्याउन एक घण्टा हिँड्नुपर्छ। त्यसैले यतैबाट पानी भरेर लैजाँदैछु।" उहाँले कुलुम प्रतिकिलोग्राम रु ८० देखि एक सयका दरले बिक्री हुने गरेको जानकारी दिनुभयो।

यस्तै अम्रिसोबाट तयार गरिएको झाडु रु ६० का दरले बिक्री हुने गरेको कृष्णाले बताउनुभयो। मलास सडक सञ्जालसँग नजोडिँदा महेन्द्रनगरसम्म पुग्न झन्डै छ घण्टा पैदलयात्रा गर्नुपर्ने बाध्यता छ। भौगोलिकरूपले विकट यहाँका स्थानीय केरा, आँप, काफल, नासपातीलगायत स्थानीय उत्पादन बिक्रीका लागि महेन्द्रनगर आउने गर्दछन्।

खानेपानी, विद्युत्, यातायतको सुविधाबाट वञ्चित मलासवासीका लागि यहाँ कुनै ठूला पसल पनि छैनन्। त्यसैले स्थानीय उत्पादन बिक्री गरेर दैनिक उपभोग्य समानको जोहो गरेर लैजाने गरेको मलासकी चन्द्रा धामीले बताउनुभयो। "गाडी चल्ने बाटो छैन। चुरेको उकालो डाँडा छिचोलेर महेन्द्रनगर पुग्न घण्टौ पैदल हिँड्नुपर्छ," उहाँले भन्नुभयो, "सोलार लिफ्टिङ प्रविधिबाट गाउँमा ल्याइएको खानेपानी तीन वर्षमात्रै चल्यो। अहिले बिग्रिएपछि एक घण्टा पैदल हिँडेर घट्टे खोलाको पानी पिउनुपर्ने बाध्यता छ।"रासस

# बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम जेठ १४ गते प्रस्तुत हुने

मकवानपुर । बागमती प्रदेशसभामा यही जेठ १४ गते सरकारको नीति तथा कार्यक्रम प्रस्तुत हुने भएको छ । सभामुख भुवनकुमार पाठकले मंगलबार सो जानकारी दिनुहुँदै जेठ १४ गते प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमलाई सार्वजनिक गर्न दलहरु बीचमा सहमति भएको बताउनुभयो। बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले सोही दिन सरकारको नीति तथा कार्यक्रमलाई सार्वजनिकरण गर्नुहुने प्रदेशसभा सचिवालयले जनाएको छ।




**बागमती प्रदेशस्तरीय सुरक्षा गोष्ठी शुभारम्भ**

गृह मन्त्रालय र बागमती प्रदेश, आन्तरिक मामिला तथा कानुन मन्त्रालयको संयुक्तरुपमा आयोजित प्रदेशस्तरीय सुरक्षा गोष्ठीको आज हेटौंडामा शुभारम्भ भएको छ। दुईदिने उक्त सुरक्षा गोष्ठीमा बागमती प्रदेशका १३ जिल्लाका प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख उपरीक्षक, राष्ट्रिय अनुसन्धान विभागको अधिकृत, सशस्त्र प्रहरीको उच्च अधिकृत र नेपाली सेनाका उच्च अधिकृतहरु सम्मिलित हुनुभएको मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईं जानकारी दिनुभयो।

गोष्ठीमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, आन्तरिक मामिला तथा कानुनमन्त्री गङ्गानारायण श्रेष्ठ, सङ्घीय गृहमन्त्रालयका सचिव एकनारायण अर्याल, रथी अशोकराज सिग्देल, प्रहरी महानिरीक्षक वसन्तराज कुँवर, सशस्त्र प्रहरीका महानिरीक्षक राजु अर्याल तथा राष्ट्रिय अनुसन्धान विभागका प्रमुख निर्देशक हुतराज थापा, बागमती प्रदेशका कामु प्रमुख सचिव गोविन्दबहादुर कार्कीसहित सहभागिता रहेको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जनाएको छ।

गोष्ठीले प्रदेश र सङ्घीय सरकारबीच समन्वय गरेर सुरक्षा चुनौतीलाई विश्लेषण गरी जिल्लामा जनताको लागि सेवा प्रवाह गर्ने कार्यमा समीक्षा गरी सुरक्षाको नयाँ अवधारणा तयार गर्ने उद्देश्य रहेको प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव पूर्णबहादुर दर्जीले राससलाई बताउनुभयो।

प्रदेश र सङ्घीय सरकारबीच साझेदारी कार्यक्रममार्फत प्रदेशको प्रत्येक जिल्लामा शान्ति सुरक्षाको अमन चयन कार्यान्वयनमा आइपरेका समस्यालाई नयाँ सोच र कानुनी प्रक्रियाको अवलम्बन गरी अपराधको अनुसन्धान, नियन्त्रण र जनतामा मानव अधिकारको प्रत्याभूति गर्न सुरक्षाको रणनीतिमा वैकल्पिक उपाय अवलम्बन गर्दै लैजाने सो सुरक्षा गोष्ठीको उद्देश्य रहेको गृह मन्त्रालयका उपसचिव एकदेव अधिकारीले जानकारी दिनुभयो।

सो गोष्ठीमा प्रमुख जिल्ला अधिकारीले आ-आफ्नो जिल्लाको शान्ति सुरक्षाको अवस्था, जनतामा सेवा प्रवाह, राहदानी वितरणलगायत अपराध नियन्त्रणको विषयमा प्रस्तुत गर्नुहुने जनाइएको छ।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## मोहियानी हकदावी बारे ३५ दिने सूचना

तपसिल जग्गाको मोही मरुवा हफिज शेख फतेपुरले मोहि लगत कट्टा गरी पाउँ भनि ज.ध.तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कट्टा हुनु नपर्ने कारण भए सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गरि आउनुहोला वा रीतपुर्वकको वारेश कानुन व्यवसायी पठाउनुहोला अन्यथा कानुन बमोजिम भै जानेछ।

**तपसिल**

| ज.ध.को नाम | जिल्ला | गा.पा./न.पा | वडा न. | कि.न. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| इनरदेव साह | रौतहट | बगही | ७ क | २५८/१००९ | ०–०–१२ | मरुवा मोही हफिज शेख फतेपुर वडा न.६ फतेपुर नपाका कटहरिया वडा न. ६ |

## NEPAL RASTRA BANK
## JANAKPUR OFFICE
## Invitation for Sealed Quotation

**Date of Publication: 2081/02/09**

| S. N. | Sealed Quotation No. | Goods | Quantity | Cost Estimate with VAT & contingencies (NRs.) | Bid Bond Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1. | NRB/JNP/SQ/ Goods/01/2080/81 | Air Conditioner Inverter Type (2.0 ton) | 5 Units | 10,00,000.00 | 29,000.00 |

1. The Nepal Rastra Bank (NRB), Janakpur Office invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of above goods.
2. Interested eligible Suppliers may obtain further information and inspect the Sealed Quotation Forms at the office of Nepal Rastra Bank, Janakpur Office, Tel: 041-426628, 041-426498, Email: nrbjnp@nrb.org.np.
3. Sealed Quotation Forms may be purchased from Nepal Rastra Bank, Janakpur Office, Internal Administration Unit, by eligible Suppliers on the submission of a written application, Copy of company/firm registration certificate, VAT/PAN Registration, Tax Clearance (FY 2079/080), authorized dealer certificate of any brand and upon payment of a non-refundable fee of NRs.1000.00 till 2081/02/23 during office hours deposited in:
   **Bank Name:** Nepal Rastra Bank
   **Account Name:** Profit/Loss Miscellaneous Account,
   **Account Number:** 1600000/030/002/524.
4. Sealed Quotations must be submitted to the above office on or before 12:00 Noon on 2081/02/24. Quotation received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of 45 days from the last date of submission of Sealed Quotations and must be accompanied by Cash Security or Bank Guarantee from bank or financial institutions licensed by Nepal Rastra Bank, amounting to NRs. 29,000 which shall be valid for 75 days from the last date of submission of Sealed Quotations.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Sundry Creditors Account No 1609999-011-001-524 at Nepal Rastra Bank, Janakpur Office and the receipt of the deposited amount of cash must be submitted along with the Sealed Quotation.
7. Sealed Quotation shall be opened in the presence of suppliers' authorized representatives who choose to attend at 2:00 PM on 2081/02/24 at the Nepal Rastra Bank, Janakpur Office.
8. If the last date of purchasing and/or submission and opening falls on a public holiday then the next working day shall be considered as the last day.
9. Nepal Rastra Bank reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

## प्रभु बैंक लिमिटेड शाखा कार्यालय राजबिराज, सप्तरीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना

**(सूचना प्रकाशित मिति २०८१/०२/०९ गते बुधबारको जनकपुर टुडे दैनिक पत्रिका)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)का तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई ऋण कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ। यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय राजबिराज, सप्तरीमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८१/०३/१९ गते बुधबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको **शाखा कार्यालय राजबिराज, सप्तरीमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ। प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराइन्छ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

१ **ऋणी** : नेपाल सरकार उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०९/०५ मा दर्ता भई दर्ता नं. १८०१८४/०७४/०७५ कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, धरान, करदता सेवा कार्यालय ईटहरी, सुनसरीबाट मिति २०७४/०९/१२ मा स्थायी लेखा नम्बर (पान) दर्ता नं. ६०६८२६१७८ को प्रमाणपत्र प्राप्त **दास एण्ड सन्स कम्पनी प्रा.लि.** ।
**रजिष्ट्रर्ड ठेगाना :** सुनसरी जिल्ला इटहरी उप-महानगरपालिका वडा नं. ५, तुलसा टोल।

| | | |
|---|---|---|
| **संचालक अध्यक्ष तथा जमानतकर्ता : निरज दास** (ना.प्र.नं. २८९५/६१८२, जारी मिति २०६२/३/१३, जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला, महदेवा गाउँपालिका वडा नं. १, (साविक पकरी गा.बि.स. वडा नं. ९)। बाबु : कमल प्रसाद दास । बाजे : विष्णु देव दास कथवनीया। | **संचालक तथा जमानतकर्ता : विकाश कुमार दास** (ना.प्र.नं. १६२०२४/३३८, जारी मिति २०७०/०७/०३ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी न.पा. ३। (साविक त्रिकौल गा.बि.स. वडा नं. २)। बाबु : कैलास दास। बाजे : जगदीस दास। | **जमानतकर्ता : रोहिनी दास** (ना.प्र.न.१६२०२४/३३७, जारी मिति २०७०/०७/०३ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी न.पा. ३। (साविक त्रिकौल गा.बि.स. वडा नं.२)। बाबु: कैलास दास। बाजे : जगदीस दास। |
| **जमानतकर्ता : कैलाश दास** (ना.प्र.नं. ९७९९२८७५,जारी मिति २०४४/१२/०८ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी न.पा. ३। (साविक त्रिकौल गा.बि.स. वडा नं.२)। बाबु : जगदीश दास। बाजे : बुचाई दास। | **जमानतकर्ता : रंजना देवी दास** (ना.प्र.नं. १६३०२५/९६ जारी मिति २०६३/११/०६ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला, हनुमाननगर कंकालिनी न.पा. ३। (साविक त्रिकौल गा.बि.स. वडा न.२)। बाबु: उदित नारायण दास। पति/ससुरा: कैलाश दास/जगदीश दास। | **जमानतकर्ता : विष्णु देव दाश कथवनीया** (ना.प्र.न. ००२००२९४, जारी मिति २०३५/१२/१०, जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : महदेवा गाउँपालिका वडा नं. १, सप्तरी। (साविक पकरी गा बि स बडा न ९)। बाबु : गुरु प्रसाद दास। बाजे : अचक दास। |
| **जमानतकर्ता : विजय कुमारी दास** (ना.प्र.न. ५६५२ जारी मिति २०५६/९/१५ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला महदेवा गाउँपालिका वडा नं. १, (साविक पकरी गा.बि.स. वडा नं. ९)। बाबु: श्रीपाल दास। पति/ससुरा: विजय कुमार दास/विष्णु देव दास। | **जमानतकर्ता : निलम दास** (ना.प्र.नं. स.स. २८१९, जारी मिति २०४९/०३/११ जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। हालको ठेगाना : सप्तरी जिल्ला महदेवा गाउँपालिका वडा नं. १, (साविक पकरी गा.बि.स. वडा न ९)। बाबु: तपेश्वर दास। पति: कमल प्रसाद दास। ससुरा :विष्णु देव दास कथवनीया। | **जमानतकर्ता : धिरज दास** (ना.प्र.नं. १६१०४०/३४७, जारी मिति २०६७/७/३० जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला महदेवा गाउँपालिका वडा नं. १, (साविक पकरी गा.बि.स. वडा नं. ९)। बाबु: कमल प्रसाद दास। बाजे : विष्णु देव दास कथवनीया। |

| | |
|---|---|
| **जमानतकर्ता : विजय कुमार दास** (ना.प्र.नं. ००२०४२५३ जारी मिति २०४४/१०/१५, जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला महदेवा गाउँपालिका वडा नं. १, (साविक पकरी गा.बि.स. वडा नं. ९)। बाबु : विष्णु देव दास। बाजे : गुरु प्रसाद दास। | **सदस्य तथा जमानतकर्ता : कमल प्रसाद दास कथवनीया** (ना.प्र.नं. ००२००२९६, जारी मिति २०६७/१०/०३, जारी गर्ने कार्यालय जि.प्र.का. सप्तरी)। ठेगाना : सप्तरी जिल्ला महदेवा गाउँपालिका वडा नं. १। (पकरी गा.बि.स. वडा न. ९)। बाबु : विष्णु देव दास कथवनीया। बाजे : गुरु प्रसाद दास। |

**लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. जमानतकर्ता विष्णु देव दास कथवनियाको नाममा मालपोत कार्यालय राजविराज न.पा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला राजविराज न.पा. वडा नं. ५ नक्सा सिट नं. ५क कित्ता नं. १४२२ क्षेत्रफल ०-१-०-० (विघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत ....................................१.

२. ऋणी **दास एण्ड सन्स कम्पनी प्राइभेट लिमिटेडको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण .......................१

**नोट : धितो वापत यस बैकको नाममा रहेको निम्नानुसारको सवारी साधन यस बैकलाई वुझाउनु हुन समेत ऋणी तथा जमानतकर्ताहरुलाई यसै सुचनाद्वारा जानकारी गराईन्छ ।**

**सवारी साधनको विवरण :**

धनी प्रभु बैंक लि. (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) ऋणी **दास एण्ड सन्स कम्पनी प्रा.लि.** भई प्रदेश सरकार भौतिक पुर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था निर्देशनालय, यातायात व्यवस्था कार्यलय (सबारी), सुनसरी, प्रदेश न. १, कोशी अञ्चल यातायात कार्यालयमा, इटहरीमा दर्ता भएको, ईन्जिन नं. 4SPCR10AYX602755 र च्यासिस नं. MAT464602MSR01248 बनाउने कम्पनी टाटा मोटर्स कम्पनीको सवारी नं ००२ च ४७८२ को Xenon Yodha ......१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय राजबिराज**बाट समेत प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा यस बैंकको **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय राजबिराजमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# मधेश प्रदेश सरकारबारे नेपालको गोलमटोल जवाफ




**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले मधेश प्रदेश सरकारलाई दिएको समर्थनबारे गोलमटोल जबाफ दिएका छन् । उनले केन्द्रमा माओवादी केन्द्र र नेकपा एमाले सम्मिलित गठबन्धनका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई विश्वासको मत दिएपछि मधेशमा के हुन्छ भन्ने जवाफमा उनले उपेन्द्र जी संगको सहकार्य लामो चल्ने छ, तर सरकार निर्माणको विषयमा स्पष्ट जवाफ दिएनन् ।

नेकपा एकीकृत सामाजवादी पार्टीका शुभेच्छुक संस्था सामाजवादी प्रेस संगठनले मंगलबार जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा उनले अन्य हरेक बिषयमा स्पष्ट कुरा राखे पनि मधेश प्रदेश सरकारको बिषयमा स्पष्ट जवाफ फर्काएका थिएनन् । उनले विभाजित भएको जनता समाजवादी पार्टी (जसपा) नेपालमा सवै जना एक ठाउँमा आउन सक्ने समेत बताए ।

उनले प्रतिनिधि सभामा भइरहेको विरोध तथा प्रदर्शनको समस्याको समाधान वार्ता तथा संवाद मार्फत हुनु पर्ने पक्षमा आफ्नो पार्टी दृढ भएको बताए ।

उनले नयाँ आर्थिक वर्षका बजेट ल्याउने वेला भएकाले अहिलेको विरोध प्रदर्शनको सम्बोधनका लागि प्रमुख राजनीतिक दलका शीर्ष नेताहरू एक ठाउँमा बसेर वार्ता तथा संवाद मार्फत समस्याको समाधान गर्नु पर्ने आवश्यकतामा जोड दिए । अध्यक्ष नेपालले ४ वटा दलहरूको सहभागितामा बनेको समाजवादी मोर्चाका एक प्रमुख घटकमा आएको विभाजनले समाजवादी मोर्चामा पुनर्संरचनाको आवश्यकता भएको बताए ।

उनले केन्द्रमा आफूहरू एमाले सहितको अहिलेको गठबन्धन सरकारमा भएपनि नेकपा एमालेसँग नेकपा एसको पार्टी एकीकरणको कुनै सम्भावना नभएको बरु नेकपा एस महाधिवेशनको तयारीमा जुटेको बताए ।

पत्रकार सम्मेलनमा पार्टीका सचिवालय सदस्य रामचन्द्र झा, मधेश प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्द न्यौपाने, श्रम तथा यातायातमन्त्री बेची लुंगेली सहितका नेताहरू उपस्थित रहेका थिए ।

# रवि र राजेशमान विरुद्ध कांग्रेस सडकमा

जेठ ४ गते वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहविरुद्ध दर्ता मुद्दा र सहकारी ठगीमा छानबिन समिति गठनको माग गर्दै नेविसंघले शान्तिपूर्ण प्रदर्शन गरेको थियो । सोही क्रममा महानगर प्रमुख सिंहबाट परिचालित अराजक व्यक्तिहरूले आफ्ना कार्यकर्तामाथि आक्रमण गरेको कांग्रेसले जनाएको छ ।

**अनिल तिवारी**

वीरगञ्ज । नेपाली कांग्रेस पर्साले वीरगञ्ज महानगरपालिकाका प्रमुख राजेशमान सिंह र गृहमन्त्री रवि लामिछानेलाई कारबाही गर्नुपर्ने मागसहित प्रदर्शन गरेको छ ।

महानगर प्रमुख सिंह र गृहमन्त्री रवि लामिछानेको विरोधमा निकालिएको मसाल जुलुसमा सिंहका समर्थकले कुटपिट गरेपछि पर्सा कांग्रेसले किर्ते नागरिकता प्रकरणमा छानबिनको मागसहित कुटपिटमा संलग्न रहेकालाई कानुनी दायरामा ल्याउन दबाब दिएको छ ।

कांग्रेसका जिल्ला सभापति जनार्दन सिंह क्षेत्रीले पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाललाई ज्ञापनपत्र समेत बुझाएका छन् । ज्ञापनपत्रमा भनिएको छ-'शान्तिपूर्ण रूपमा विरोध गर्न पाउने संवैधानिक व्यवस्था छ, तर यही अधिकारको बर्खिलाप माइस्थान चोकमा गतिविधि प्रदर्शन भएको देखिन्छ ।'




जेठ ४ गते वीरगञ्ज महानगर प्रमुख राजेशमान सिंहविरुद्ध दर्ता मुद्दा र सहकारी ठगीमा छानबिन समिति गठनको माग गर्दै नेविसंघले शान्तिपूर्ण प्रदर्शन गरेको थियो । सोही क्रममा महानगर प्रमुख सिंहबाट परिचालित अराजक व्यक्तिहरूले आफ्ना कार्यकर्तामाथि आक्रमण गरेको कांग्रेसले जनाएको छ । कांग्रेस पर्साले मंगलबार बिहान महानगर प्रमुख सिंहविरुद्ध कारबाहीको मागसहित जुलुस प्रदर्शन गरेको थियो । माइस्थानबाट निकालिएको जुलुस महावीरस्थान आदर्शनगर, घडिअर्वा, घण्टाघर हुँदै जिल्ला प्रशासन कार्यालयमा पुगेको थियो ।

ज्ञापन पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी भुसालले कांग्रेसले उठाएको माग सम्बोधन हुने गरी काम गर्ने प्रतिबद्धता जनाए ।

महानगर प्रमुख सिंह समर्थकहरूले गरेको आक्रमणबाट कांग्रेसका भ्रातृ संगठन नेपाल विद्यार्थी संघ (नेविसंघ) का जिल्ला अध्यक्ष रमेश यादव, उपाध्यक्षद्वय राहुल पटेल र बरकात अली, महम्मद नौसाद अली र जिल्ला सदस्य रामनिवास घाइते भएको कांग्रेस पर्साले जानकारी दिएको छ ।

फर्जी विवरणको आधारमा अरुको छोरीलाई आफ्नो छोरी बनाइ महानगर प्रमुख सिंहले नागरिकता दिलाएको भन्दै कारबाहीको मागसहित वीरगञ्जमा प्रदर्शन हुँदै आएको छ ।

# औपनिवेशिक सत्ताविरुद्ध आन्दोलन : अभियन्ता मोक्तान



**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मुक्ति क्रान्तिका अभियन्ता बुद्ध छिरिङ मोक्तानले औपनिवेशिक सत्ताविरुद्ध हाम्रो आन्दोलन रहेको बताएका छन् ।

राष्ट्रिय मुक्ति क्रान्तिको मधेश व्युरोले आयोजना गरेको बहुल राष्ट्रिय राज्य नेपाल स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति सम्बादात्मक कार्यक्रममा बोल्दै अभियन्ता मोक्तानले विभिन्न जाति समुदाय रहेको मुलुकमा दक्षिणपन्थी सोच राखेका शाषकले सबैको सभ्यता समाप्त पारेकोले पुनः जागरणका लागि अभियानको थालनी गरेको बताए । मार्क्सवाद, माओवाद लगायतका वादहरु विदेशवाट आयात गरेर नेपालका भूमिपुत्रहरुको आफनो छुटै संस्कार र परम्पराहरुलाई ध्वस्त बनाइएको उनले बताए ।

उनले भने-'अहिले संघीयता ल्याइएको भनेर हल्ला फैलाइदैछ तर यहाँका मुख्यमन्त्रीलाई सिडिओ जतिको पावर पनि छैन, अनि यस्तो सरकार बनाएर के फाइदा जसले आफ्नो शक्ति पनि प्रयोग गर्न पाउदैन ।' अभियन्ता मोक्तानले हामी हरेक कुरा विदेशीहरुले चलाए झै सोचिरहेको बताउदै पुर्खाले सिकाएको पद्धतिलाई बिर्सिसकेको र आफ्नो ताकतको अनुभव समेत बिर्सिसकेको बताए ।

मधेश आन्दोलनको क्रममा मधेशीमाथि राज्यले गोली बर्साउदा मानव अधिकार आयोगले आपति जनाएको थियो त्यतिबेला केपी ओलीले दुइचार वटा आँप झरेको प्रतिक्रिया दिएका थिए, यस्तो प्रतिक्रिया केपी ओलीको मात्रै छ भनेर नसोच्नुस, शेरबहादुर देउवा र प्रचण्डको पनि मधेश प्रतिको यस्तै सोच छ, उनले भने-' आफनो सभ्यतालाई बचाउन आफै अग्रसर हुनुको विकल्प नरहेकोले अभियानलाई सार्थकता दिन एकवद्ध हुनु आवश्यक छ ।'

जनकपुरधाम स्थित जिल्ला समन्वय समितिको सभाकक्षमा संजयकुमार सिंहको अध्यक्षतामा सम्वादात्मक कार्यक्रममा समाजका अगुवा, बुद्धिजीवी, प्राध्यापक, अधिवक्ता, संचारकर्मी, इन्जिनियर, डाक्टर, शिक्षक लगायतका प्रबुद्ध वर्गसँग अन्तरक्रिया गरिएको थियो । राजीव झाले विषय प्रवेश गराएको कार्यक्रममा केशव झा, अभियानी पूर्व मन्त्री तथा संविधानसभा सदस्य राम नरेश राय यादव, अनिल महासेठ, दीपक झा, रमण पाण्डेय, राम कुमार महतो, श्रीचन्द्र महतो, दिनेश यादव लगायतको उपस्थिति रहेको थियो ।

# विभिन्न घटनामा संलग्न दुई जना पक्राउ

**टुडे समाचारदाता**

गौर । रौतहटको गौर नगरपालिका-१ भन्सार नजिकबाट प्रहरीले कर्तव्य ज्यान मुद्दाका फरार एक जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

सङ्गठित अपराध, शरीर बन्धक तथा कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी गौर नपा ५ बस्ने ५८ वर्षीय राजु मिश्रलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

पक्राउ परेका मिश्रलाई सरकारी वकिल कार्यालयमार्फत रौतहट जिल्ला अदालतमा पेस गरिएको तथा अदालतले पुर्पक्षका लागि गौर कारागार पठाएको प्रहरी निरीक्षक झलकप्रसाद शर्माले बताए ।

यसैगरी, ईशनाथ नगरपालिका वडा नम्बर ४ लत्तमरीमा प्रहरीले चेकप्वाइन्ट थापेर चेकजाँच गर्दै गर्दा बिआर ०५ एएन८११७ नम्बरको भारतीय मोटरसाइकलमा सवार व्यक्तिको शरीर खानतलासी गर्दा



दुई लाख ९ सय ६० नेपाली र ७ सय ६५ भारतीय रुपैयाँसहित प्रहरीले नियन्त्रणमा लिएको छ ।

पक्राउ पर्नेमा इशनाथ नगरपालिका-५ का रामचरण साहको ३१ वर्षीय छोरा सन्तोषकुमार साह रहेका छन् । उनलाई हिरासतमा राखेर आवश्यक अनुसन्धान पश्चात् आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा बुझाएको प्रहरी निरीक्षक शर्माले जानकारी दिए ।

# अवैध निजी विद्यालयलाई कारबाही हुने : मेयर साह



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाकामेयरमनोजकुमार साहले सञ्चालनमा रहेका अवैध निजी विद्यालयहरुलाई कारबाही गर्ने बताएका छन् ।

जनकपुरधाममा मंगलबार मेयर साहले गुणस्तरीय शिक्षा र व्यवस्थित शिक्षालयको आवश्यकताको नाममा अवैधरुपमा संचालित विद्यालयमाथि कारबाही गरिने बताए ।

प्याबसन र एनप्याबसनले अवैधरुपमा संचालनमा रहेको निजी विद्यालयहरुलाई कारबाही गर्नका लागि दबाब दिँदै मेयर साहलाई अवैध विद्यालयलाई कारबाही गर्न दवाव दिएका छन् ।

गुणस्तरीय तथा राम्रो शिक्षाका लागि जनकपुरधाममा आवश्यक रहेको बताउँदै मेयर साहले सामुदायिक विद्यालयमा शिक्षामा सुधार आवश्यक रहेको औल्याए ।

उनले सामुदायिक विद्यालयको संख्या न्यून रहे पनि निजी तथा सामुदायिक विद्यालयमा विद्यार्थीको संख्या सोही हाराहारीमा रहेको बताए ।

शिक्षा ऐन नहुँदा सामुदायिक विद्यालयमा समेत शिक्षकहरुले राजनीतिकतर्फ सक्रिय हुँदा पठनपाठन प्रभावित भएको बताउँदै मेयर साहले सामुदायिक विद्यालयमा गुणस्तरीय तथा प्रभावकारी शिक्षाका लागि शिक्षक खटनपटन, व्यवस्थापन र शिक्षा एने अति आवश्यक रहेको बताए ।

उनले समुदायिक विद्यालयमा खासै समस्या नरहे पनि दरबन्दी शिक्षकका कारण समस्या आउने गरेको बताए ।

स्थायी शिक्षकहरु एक पटक नियुक्ति पाएदेखि अवकास प्राप्त नहुञ्जेलसम्म एउटै विद्यालयमा बसेर दिन काट्न खोज्दा विद्यालयमा सुधार नभएको र अध्ययनअध्यापनसमेत प्रभावकारी नहुने गरेको मेयर साहले बताए ।

# मैनालीका हत्या आरोपी १५ वर्षपछि पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । जिल्ला प्रशासन कार्यालयमा कार्यरत तत्कालीन प्रशासकीय अधिकृत मोहनप्रसाद मैनालीलाई गोली हानी हत्या गर्ने पर्सा सखुवा प्रसौनी गाउँपालिका-५ बलुवाका प्रेम गिरी १५ वर्षपछि पक्राउ गरेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायव उपरीक्षक एवं सूचना अधिकारी कुमार विक्रम थापाका अनुसार पक्राउ परेका गिरीले २०६२ असोज २२ गते जिल्ला प्रशासन कार्यालयका तत्कालीन प्रशासकीय अधिकृत मैनाली अफिसको काम सकेर सरकारी निवास तर्फ जाँदै गर्दा निवास अगाडि गोली हानी हत्या गरेका थिए ।

यस्तै, गिरीले २०५७ भदौ १२ गते पर्सा विन्दवासिनी गाउँपालिका ४ का ३० वर्षीय देवेन्द्र यादवको घरमा डकैती गर्ने क्रममा गिरी नेतृत्व टोलीले यादवको हत्या गरेको तथा मैनाली र यादवको हत्यामा संलग्न रहेका तथा हातहतियार खरखजाना मुद्दाका फरार अपराधी गिरी दुई व्यक्तिको हत्या र हातहतियार तथा खरखजाना मुद्दामा अदालतबाट दोष ठहर भई सजाय समेत ताकिएको सूचना अधिकृत थापाले जानकारी दिए । उनले गिरी नेपालमा मात्रै नभई सीमावर्ती क्षेत्र भारतका विभिन्न ठाउँमा आपराधिक गतिविधिका संलग्न रहेको प्रहरी तथ्याङ्कबाट देखिएको बताए ।

सूचना अधिकृत थापाले विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी टोलीले आफ्नै गाउँ घर बालुवामा लुकेको अवस्थामा पक्राउ गरी उनी विरुद्ध पर्सा जिल्ला अदालतबाट म्याद थप गराई थप अनुसन्धान भइरहेको बताए ।

# व्यवस्थापन र सेवामा सुधारिँदै प्रादेशिक अस्पताल गौर

**दिलीप पाण्डे**

गौर । रौतहटको गौर प्रादेशिक अस्पतालको प्रशासनिक व्यवस्थापन र सेवा सुविधामा सुधार हुँदै गएको प्रदेश सरकारको अध्ययनले देखाएको छ ।

मधेश प्रदेश स्वास्थ्य मन्त्रालयद्वारा गठित न्यूनतम् सेवा मापदण्ड मूल्यांकन समितिले गरेको अध्ययनका आधारमा अस्पतालको प्रशासनिक व्यवस्थापन र बिरामीहरूलाई सेवा सुविधामा सुधार आएको छ ।

गत वर्षको तुलनामा यस वर्ष अस्पतालले आफ्नो कार्य सम्पादन र बिरामीलाई उपलब्ध गराउने सेवामा सुधार ल्याएको समितिले जनाएको छ ।

मूल्यांकनमा खटिएका समितिका अध्यक्ष मो.अनवर हासमीले अहिले प्रादेशिक अस्पतालले आफ्नो सेवालाई धेरै सुधार ल्याएको छ । हालसम्म गरिएको मधेश प्रदेशको 'ए' लेबलको अस्पतालको मूल्यांकनमा अस्पतालको आन्तरिक व्यवस्थापन र बिरामीलाई सेवामा सुधार प्रादेशिक अस्पताल मधेश प्रदेशको आठौ जिल्ला अस्पतालपछिको आठौ अस्पताल बनेको छ ।

प्रादेशिक अस्पतालको सुशासन र व्यवस्थापन, उपचार तथा क्लिनिक र सहयोग सेवा गरी तीन विषयमा केन्द्रित रही मूल्यांकन गरिएको अध्यक्ष हासमीले बताए ।

अस्पतालको सुशासन र व्यवस्थापनमा ३० प्रतिशत, उपचार तथा क्लिनिकमा ६० प्रतिशत र सहयोग सेवामा ३० प्रतिशत अंक रहेको छ। अस्पतालको सुशासन र व्यवस्थापन अन्तर्गत अस्पताल विकास समितिको कार्यशैली, आर्थिक पक्ष, सेवाग्राहीको गुनासो र गुनासो समाधान, अस्पतालको सुरक्षा व्यवस्थापन, प्रशासनिक पक्ष, उपकरणको व्यवस्थापन र मर्मत सम्भार पक्षलगायतका विषयमा केन्द्रित रहेर मूल्यांकन गरिन्छ ।

क्लिनिक अन्तर्गत बिरामीलाई उपलब्ध गराइने उपचार सम्बन्धी पक्ष, औषधि, प्रयोगशालाको अवस्था, फार्मेसी, शयूया, उपचारसँग सम्बन्धित उपकरणको व्यवस्था, चिकित्सकको सेवा, चिकित्सकको सेवाको प्रभावकारिता लगायतका विषयमा र सहयोग सेवा अन्तर्गत खानेपानी, फोहर व्यवस्थापन, वार्षिक कार्ययोजना, सूचना अधिकारीको व्यवस्था, बल्ड बैकको व्यवस्था, बिरामीलाई एकद्वार प्रणालीको व्यवस्था, हेल्प डेस्कजस्ता पक्षमा केन्द्रित रहेर मूल्यांकन गरिएको छ ।

प्रादेशिक अस्पताल गौरका व्यवस्थापन अध्यक्ष मो.अनवर हासमीले प्रादेशिक अस्पतालको व्यवस्थापन र बिरामीलाई उपलब्ध गराइने सेवा सुविधा सोचेभन्दा राम्रो पाइएको जनाए । प्रादेशिक अस्पताल गौरका विकास समितिका अध्यक्ष हासमीले अस्पतालको यो नतिजा अस्पतालमा कार्यरत सबैको सामूहिक प्रयासको प्रतिफल रहेको बताए ।

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वा दिऔं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८